# कमल बुलेटिन

वर्ष : २ अङ्क : १ साउन-कार्तिक २०७६










## योजना तथा समीक्षा विशेष



गाउँपालिकाद्वारा आयोजित कार्यक्रममा महिला स्वास्थ्य स्वयम्सेविकाहरु




गाउँपालिकाद्वारा आयोजित अगुवा कृषक तालिममा सहभागीहरु



गाउँपालिकाद्वारा आयोजित अगुवा कृषक तालिममा सहभागीहरु




गाउँपालिकाको सहयोगमा ने.रे.सो. उपशाखा लखनपुरद्वारा आयोजित प्राथमिक उपचार तालिम



गाउँपालिकाद्वारा आयोजित कार्यक्रममा सहभागीहरु




गाउँपालिकाद्वारा आयोजित नवआगन्तुक शिक्षकहरुको स्वागत कार्यक्रम



# कमल बुलेटिन

वर्ष : २ अङ्क : १ साउन-कार्तिक २०७६

**प्रकाशक:**
कमल गाउँपालिकाको कार्यालय
कमल, झापा

**संरक्षक**
मेनुका काफ्ले
अध्यक्ष, कमल गाउँपालिका, झापा

**सल्लाहकार**
बेनुप्रसाद शिवाकोटी
उपाध्यक्ष, कमल गाउँपालिका, झापा
सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
कमल गाउँपालिका, झापा

**सम्पादक**
गोपाल झापाली
उमानाथ भण्डारी

**व्यवस्थापन**
विजय तिम्सिना
सुचना अधिकारी
कलम गाउँपालिका झापा

**कम्प्युटर**
तुलसीराम सापकोटा

**सहकार्य**
मदानी मिडिया, झापा

**मुद्रक**

पाथीभरा अफसेट प्रेस
दमक-५, झापा

## यस भित्र

- सम्पादकीय
- समीक्षा
- महिला तथा बालबालिका शाखाबाट आ.व. ०७६/०७७ को पहिलो चौमासिकमा सम्पन्न भएका गतिविधिहरु
- सानोकेर्खामा सोलार बत्ती
- आत्मनिर्भरताका लागि आलुमा अनुदान
- प्रभावकारी बन्दै आलु पकेट
- मेरो वर्ष अभियान
- गा.पा. को सहयोगमा चिस्यान केन्द्र
- उपभोक्ता हित संरक्षण समिति
- कला संरक्षण प्रतिष्ठान गठन
- प्राथमिक उपचार तालिम
- नयाँ भवनमा वडा कार्यालय
- लैङ्गिक हिंसा विरुद्ध विभिन्न कार्यक्रम
- स्वास्थ्य स्वयम्सेविकालाई साइकल
- सरसफाईको नियमिततामा जोड
- विकास प्रतिको बुझाईमा एकरुपता छ । प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठ
- ८०% आधारभूत विकासका काम पूरा गर्छौं । केदार कटुवाल
- गोलभेडा खेतीमा लाग्ने रोग र किरा
- बालविवाह रोक्न जिम्मेवार चाँहि को ? रेणुका गौतम
- किसानलाई सामग्री वितरण
- न्यानो कपडा वितरण
- जनप्रतिनिधिको प्राथमिकतामा शिक्षा
- दीर्घकालीन योजना सहित अघि बढ्न जरुरी छ । प्रअ बगाले
- स्थानीय सरकारको साथ सहयोग राम्रो छ । अध्यक्ष लिम्बू

लगायत

# सम्पादकीय

## समृद्धीका लागि सवल पर्यटन

देशले राजनीतिक स्थिरताको यात्रा शुरु गरि सकेको छ । बिभिन्न चरणका राजनीतिक परिवर्तनहरुसँगै देश आर्थिक परिवर्तनको चरणमा रहेको छ । संघीयता कार्यान्वयनसँगै तीन तहका सरकार विकास, सुशासन, समृद्धि र स्थिरताका लागि क्रियाशिल छन् । आर्थिक समृद्धि अहिले सबै तहका सरकारहरुको साझा लक्ष्य पनि हो । सुखी नेपाली, समृद्ध नेपालको लक्ष्य प्राप्तिका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारसँगै नागरिकहरु पनि जुटेका छन् । यो लक्ष्य प्राप्तिका पर्यटन क्षेत्र पनि महत्वपूर्ण क्षेत्र हो ।

देशको समृद्धी यात्रामा प्रभावकारी उपस्थिती स्थापित गर्नकै लागि संघीय सरकारले पर्यटन वर्ष २०२० घोषणा गरेर त्यसको कार्यान्वयन थालि सकेको छ । सन् २०२० आउनै लाग्दा पर्यटन र पर्यटन वर्ष लक्षित कार्यक्रम र गतिविधिहरुले महत्व पाएका छन् । आगामी वर्षमा २० लाख पर्यटन भित्र्याउने सरकारी लक्ष्य प्राप्तिका लागि बिभिन्न तहका सरकार, नागरिक क्षेत्र, विदेशमा रहेका नेपाली तथा आम नेपालीहरु जुटेका छन् । पर्यटन एउटा समृद्धी र स्थिरताको सुचक पनि हो । विकास र स्थिरताले मात्रै पर्यटन क्षेत्रको प्रवर्द्धन सम्भव छ । यहि अवस्था अहिले नेपालको पनि छ । यस पर्यटन वर्षले १ वर्षमा २० लाख पर्यटकलाई स्वागत गर्नु मात्र यसको उपलब्धि होईन । नेपाल भ्रमण, अवलोकन, अध्ययन, अनुसन्धानका लागि विश्वकै उत्कृष्ट गन्तव्य हो भनेर संसार भरि मानक स्थापित गर्न पनि यो उपयुक्त अवसर हो ।

पर्वतारोहण, साहसिक खेल, पर्यावरण, सांस्कृतिक तथा भौगोलिक विविधताका लागि त नेपाललाई संसारले चिनेकै छ । यो सँगै स्थानीय स्तरमा रहेको बिभिन्न महत्वपूर्ण र सम्भावनायुक्त स्थानहरु सम्म पनि आन्तरीक तथा वाह्य पर्यटकहरुलाई आकर्षण गर्न सके यसको योगदान समग्र आर्थिक क्षेत्रमा पर्ने छ । पर्यटन क्षेत्रको प्रवर्द्धन भयो भने नेपालको समग्र विविधतालाई विश्वले चिन्ने मौका पाउने छ । यो नेपालीका लागि दिर्घकालिन महत्व राख्ने अवसर पनि बन्ने छ । यस्तै पर्यटनमा आधारीत बिभिन्न व्यवसायहरुको प्रवर्द्धनले नागरिकको जीवनमा प्रत्यक्ष फाईदा पनि पुऱ्याउने छ । नेपाली मौलिक खानाका परिकार, पहिरन, संगीत, नृत्य, वाद्यवादन, कृषि प्रणाली आदिको प्रवर्द्धनलाई पनि पर्यटनक्षेत्रले टेवा पुऱ्याई रहेको हुन्छ । त्यसैले देश व्यापी रुपमा पर्यटन र पर्यटन वर्षको माहोल चलि रहेका बेला यस गाउँपालिकाका सम्भाव्य स्थानहरुको प्रवर्द्धनका लागि हामी सवै जुट्न आवश्यक छ । पूर्वाधार विकास, प्रवर्द्धन लगायतका क्षेत्रमा गाउँपालिका प्रतिवद्ध भएर क्रियाशिल छ । यसको व्यवस्थापन, अतिथीको सत्कार लगायतका क्षेत्रमा जुट्न सम्पूर्ण गाउँपालिका बासीहरुलाई हामी आह्वान पनि गर्दछौं । देशको समृद्धीको लक्ष्य भेट्टाउन सवल पर्यटनक्षेत्र जरुरी छ । यसका लागि सवै जुटौं, सवै उठौं, अतिथी देवो भवः ।

# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# योजना समीक्षा

# कमल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
# पशु सेवा शाखा, तोपगाछी, झापा

### कृत्रिम गर्भाधान सेवा

- लक्ष्य :- ५५०
- अनुदान तर्फ :- ५०४
- अन्य :- १०८२
- जम्मा :- १५८६

### बंगुरमा कृत्रिम गर्भाधान

- प्रगति संख्या :- ५८२
- कुलुङ बंगुर फार्म मार्फत संकलित

### प्राथमिक उपचार सेवा

- लक्ष्य :- आ. अ.
- शाखा :- १३३०
- प्राईभेट पाराभेट :- ८०८
- जम्मा प्रगति :- २१३८

### माईनर सर्जिकल सेवा

- लक्ष्य :- आ. अ.
- शाखा :- १५८
- प्राईभेट पाराभेट :- ४३५
- जम्मा प्रगति :- ५९३

### गाइनाकोलोजिकल उपचार सेवा

- लक्ष्य :- आ. अ.
- शाखा :- ८५
- प्राईभेट पाराभेट :- २०७
- जम्मा प्रगति :- २९२

## गोबर परिक्षण सेवा

- लक्ष्य :- आ. अ.
- शाखा :- ८६६
- प्राईभेट पाराभेट :- १००७
- जम्मा प्रगति :- १८७३

## पञ्छी खोप सेवा

- प्राइभेट पाराभेट :- १४०००

## कृत्रिम गर्भाधान सेवा

- राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा, लाहान

| क्र.सं. | इन्सिमिनेटरको नाम | प्रगतिसंख्या | गाई संख्या | | भैंसी संख्या | | बाख्रासंख्या | महिला | पुरुष | सामाजिक विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय | उन्नत | स्थानिय | उन्नत | | | | द. | ज. | आ. | अ. |
| १ | बद्रि भट्टराई | ३२४ | २ | ३०१ | | १९ | २ | ६८ | २५७ | ३ | ३८ | १६ | २६८ |
| २ | दिपेन्द्र लामिछाने | ४६ | २ | ३९ | | ३ | २ | ९ | ३१ | १ | ५ | | ३४ |
| ३ | मदन कुमार खड्का | ३९६ | ३८ | ३३७ | | २१ | | ७० | ३२७ | १२ | १६ | ७ | ३४९ |
| ४ | दिनेश ढकाल | १९३ | | १८८ | | ५ | | २० | १२६ | ५ | ११ | ४ | १२६ |
| ५ | यामकान्त न्यौपाने | २७५ | २१ | २३९ | १२ | २ | १ | ४५ | २३० | ९ | ३२ | १३ | २२० |
| ६ | उमानाथ भण्डारी | ४३ | | ४० | | ३ | | ५ | ३८ | ० | ७ | ० | ३६ |
| ७ | अशोक कार्की | १८४ | ६८ | ८८ | ११ | ६ | ११ | ४८ | १३१ | १ | ७ | ११ | १५४ |
| ८ | टंक राना | १२५ | १७ | १०४ | | ४ | | ३२ | ९२ | १ | २७ | ९ | ८७ |
| | जम्मा | १५८६ | १४८ | १३३६ | २३ | ६३ | १६ | ३०२ | १२३३ | ३२ | १४३ | ६० | १२८० |

## पशुपंछी मृत्यू सिफारिस

- बंगुर :- ४
- बाख्रा बोका :- ७
- गाई :- १०
- कुखुरा :- ८०

## पशुपञ्छी तथा मत्स्य फार्म दर्ता

- मत्स्य फार्म दर्ता :- १९
- गाई फार्म दर्ता :- ७ (५५)
- भैंसी फार्म दर्ता :- १ (८)
- बाख्रा फार्म दर्ता :- २ (१७)
- बंगुर फार्म दर्ता :- ६ (५२)
- पंछी फार्म दर्ता :- ७ (६५)

## माछा पालन समिति गठन

- ११ सदस्यीय
- १ पटक

## समन्वय गरि विभिन्न तालिममा पठाईएको विवरण

| क्र.सं. | कृषक तथा व्यवसायिको नाम | ठेगाना | तालिमको किसिम | तालिम अवधि | | तालिम प्रदान गर्ने संस्था |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १ | सिताराम बाँस्तोला | कमल-७ | व्यवसायिक दुग्ध उद्यमी तालिम | २०७६।०५।२४ | २०७६।०५।३० | क्षेत्रिय पशु सेवा तालिम केन्द्र, दुहबी |
| २ | कमल भण्डारी | कमल-१ | व्यवसायिक दुग्ध उद्यमी तालिम | २०७६।०५।२४ | २०७६।०५।३० | क्षेत्रिय पशु सेवा तालिम केन्द्र, दुहबी |
| ३ | प्रतिमा निरौला न्यौपाने | कमल-२ | ग्रा.प.स्वा.का.रिफ्रेसर तालिम | २०७६।०७।१६ | २०७६।०७।३० | क्षेत्रिय पशु सेवा तालिम केन्द्र, दुहबी |
| ४ | कुल प्रसाद भट्टराई | कमल-५ | दुध प्रशोधन तथा विविधिकरण | २०७६।०७।०६ | २०७६।०७।११ | क्षेत्रिय पशु सेवा तालिम केन्द्र, दुहबी |

## प्रगति नपुग हुनाका कारणहरू

- कृत्रिम गर्भाधान सेवा आश्विन १ गते बाट मात्र शुरू भएको कारण प्रगति अपुग देखिएको छ ।
- प्रत्यक महिनाको १५ गते नै प्रगति संकलन हुने भएको कारण कृत्रिम गर्भाधान सेवाको प्रगति अपुग देखिएको छ ।

## समस्याहरू

- शाखामा सिलिङको व्यवस्था नहुँदा कार्य गर्न केहि कठिनाई भईरहेको ।
- औषधि भण्डारण, ल्याव तथा अफिस कोठा एकै ठाउँमा भएको कारण कार्य गर्दा केहि असहज भईरहेको ।

**धन्यवाद**

## संघिय सरकारबाट प्राप्त बजेटः

१) वित्तिय समानीकरण अनुदानबाट :१३,१५,००,०००।-

२) राजश्व बाँडफाँडबाट प्राप्त अनुदानः६,६६,५१,२७३.२८

सशर्त अनुदान : १७,४५,९८,०००।-

जम्मा रकमः ३७,२७,४९,२७३.२८

## प्रदेश सरकारबाट प्राप्त बजेट :

१) वित्तिय समानीकरण अनुदानबाट : ३७,७९,०००

२) राजश्व बाँडफाँडबाट प्राप्तअनुदानः १,८०,७५,०९७

सशर्त अनुदान : २,५५,००,०००।-

जम्मा रकमः ४,६३,५४,०९७।-

## आन्तरिक स्रोतबाट प्राप्त बजेटः

१) जम्मा आन्तरीक श्रोतवाट १,६१,८०,७१५।७८

क) संघीय स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट प्राप्त :१,००,००,०००।-

ख) प्रदेश स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट :९९,००,०००

ग) तराई मधेश समृद्ध कार्यक्रमबाट प्राप्त : २८,७९,६०६।-

घ) अन्य आय :

## बेरूजु

क) आ. व. २०७५।०७६ मा फछ्यौट भएको रकम : ६५,०६८

ख) कुल बाँकी बेरुजु रकम : १,४१,०७,३६१.५९

**अन्यः**

क) जेष्ठ नागरिक परिचयपत्र वितरण संख्याः ५७०

ख) अपाङ्गता परिचयपत्र वितरण संख्याः ३८९

ग) सार्वजनिक सुनुवाई गरेको संख्या : २

## आ. व. २०७५।०७६ क्षेत्रगत प्रगति विवरण : हजारमा

| कुल विनियोजित बजेटः ५७,१०२.४२ | कुल खर्च :५,५२,३८७.०८ |
|---|---|

| विषय क्षेत्र/उपक्षेत्रफल | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| **क) आर्थिक विकास** | | | |
| १) विविध | २००.०० | २००.०० | |
| २) पर्यटन | ८,४००.०० | ८,३८१.१६ | सामुदायिक भवन ७ वटा, बाँसवारी कमल पोखरी, सादु होली सिमसार व्यवस्थापन, वाल्मिकी आश्रम तथा सिमसार, आदी |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ३) कृषि | १८,७०१.५० | १६,०७८.४२ | ग्रिन टनेल अनुदान १०० जनालाइ बितरण , २० एच पि पावर टिलर अनुदानमा बितरण समुहमा ५० वटा, साना सिंचाइ मोटर बितरण प्रति २ विघा जमीनमा ५० थान , प्राङ्गारीक मल उत्पादन , कृषी चुना वितरण , पशु आहार कार्यक्रम , हिउदे घाँसको विउ वितरण , वर्षे घाँसको विउ वितरण , वहुवर्षे घाँसको विउ वितरण , च्याप कटर वितरण ३५ वटा, चिलिङ भ्याट वितरण, वोयर वोका वितरण, जैविक सुरक्षा मिनिरल साथै विउमा अनुदान , कृत्रिम गर्भाधान सेवा , खोप सेवा, उपचार सेवा , मकै रोप्ने मेसिन २९ वटा , आलु पकेट४० विगाहमा , वंगुरको पकेटक्षेत्र ४ नं वडामा २३ वटा रहेको , उत्कृष्ठ किसान पुरस्कृत ३७, फलफुलका विरुवा वितरण ५००, मोटर वितरण ५० जनालाइआदी |
| जम्मा रकम | २७,३०१.५० | २४,६५९.५८ | |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| **ख) सामाजिक विकास** | | | |
| १) विविध | ६,७८५.०० | ५,७९४.१९ | |
| २) लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ७,६१३.०० | ६,८०६.८२ | अपाङ्गगतालाइ हुइल चेयर तथा आय आर्जनका तालिम तथा सहायक सामाग्रीहरु वितरण सम्वन्धि कार्यक्रम , सामाजिक समावेशीकरण, दलित विकास कार्यक्रम , वालवालीका सम्वन्धी कार्यक्रम, आदी |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ३) संस्कृति प्रवर्द्धन | ८,०००.०० | ७,९००.०० | मन्दिर निर्माण तथा व्यवस्थापन १४ वटा ,विभिन्न जातजाती कला संस्कृती भेषभुषा सरक्षण तथा प्रद्धन |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ४) खानेपानी तथा सरसफाई | ५००.०० | - | खानेपानी स्कीम नं १ , २ र ३ व्यवस्थापन सुधार मर्मत तथा पाईप विस्तार, लखनपुर खानेपानी मर्मत सुधार तथा पाइप विस्तार |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ५) स्वास्थ्य | १८,८६३.५० | १४,९२२.८२ | सुत्केरी महिलाहरूका लागि प्रोत्साहन स्वरुप २००० वितरण (होम डेलिभरी शून्य गाउँपालिका कार्यक्रम) , खोपकेन्द्र भवन निर्माण , औषधी खरिद, नयाँ सामुदायिक स्वास्थ्य इकाई स्थापना , आयुर्वेद स्वास्थ्य कार्यक्रम, स्वास्थ्य विमा २३० परिवारालाई , विद्यार्थीहरुलाइ आँखा र दाँतको परिक्ष , जेष्ठनागरीकलाइ स्वास्थ्य जाँच परिक्षण , महिलाहरुको पाठेघर परिक्षण, आयुर्वेदिक अस्पतालवाट स्वास्थ्य शिविर संचालन आदी |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ६) शिक्षा | १,६०,५९९.३३ | १,५०,१४३.३६ | बिद्यालयमा ईन्भर्टरको व्यवस्था व्यवस्था , अन्तर मा. वि. स्तरिय प्रतिभा पहिचान तथा अतिरिक्त कार्यक्रम, शैक्षिक सामग्री प्रर्दशनी, बिद्यालयलाई शैक्षिक सामाग्री व्यवस्थापन, बिद्यालयलाई खेलकुद सामाग्री व्यवस्थापन, साइकल वितरण १०० वटा, १ कक्षा देखी ५ कक्षा का विद्यार्थीलाइ ६३५ वटा व्याग वितरण , मन्टेश्वरी तालिम, भर्ना अभियान संचालन , शिक्षकलाईगा . पा. मार्फत कम्प्यूटर सम्वन्धी तालिम , कम्प्युटर व्यवस्थापन , घेरावार, भवन मर्मत आदी |
| जम्मा रकम | २,०२,३६०.८३ | १,८५,५६७.२१ | |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ग) पुर्वाधार विकास | | | |
| १) विविध | ६९,२०५.९१ | ५१,६१७.१३ | |
| २) उर्जा | ५,६७३.०० | ३,१९२.९९ | वैकल्पीक उर्जा विकास एवम प्रर्वधन कार्यक्रम , सोलार वितरण १७० जनालाई, विपन्न लाइ ५० वटा , गोवरग्यास निर्माण १२ परिवार, विद्युतीकरण स्थानीय विद्युत वितरण प्रणालीको विस्तार आदी |
| ३) भवन तथा सहरी विकास | ३१,६२४.०० | २०,३००.४६ | सिदार्थ सामुदायिक भवन निर्माण, चुलाचुली मोडल क्लवको अधुरो भवन गेउरिया सामुदायिक भवन , पञ्चदेव सामुदायीक भवन आदी |
| ४) सिंचाई | १००.०० | १००.०० | भुत्लुङ सिचाई आयोजना, कनकाइ सिचाइ |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ५) सडक तथा पुल (झोलुंगे पुल समेत) | १,२५,२५५.०० | १,०९,०२३.५० | सडक स्तरउन्नतीः ५ कि मि<br>ग्राभेलः १० कि मि<br>कल्भर्टः ३० वटा<br>पुलः ५ वटा<br>कालोपत्रेः १.८ कि मि |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ६) खानेपानी पूर्वाधार कार्यक्रम | १,८५०.०० | १,५३५.६३ | खानेपानी स्कीम नं ३ केराधाप पश्चिमको व्यवस्थापन सुधार मर्मत तथा पाईप विस्तार , खानेपानी स्कीम न २ समयगढको व्यवस्थापन र गुणस्तर सुधारको कार्यक्रम, क्याम्पा बजारमा नयाँ खानेपानी जग्गा व्यवस्थापन |
| जम्मा रकम | २,३३,७०७.९१ | १,८५,७६९.७३ | |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| **घ) वातावरण तथा विपद व्यवस्थापन** | | | |
| १) विपद व्यवस्थापन | १३,५००.०० | ११,८२१.०० | ढ्याङग्री खोलाको दुवै तर्फ किनारामा ढुंगेजाली, वाँसको पाइलिङ, चाँजुखोला नियन्त्रण, सिसावाँध पैनी व्यवस्थित गरी वाढी नियन्त्रण, प्रहरी चौकीलाइ उद्धार सामाग्री वितरण आदी |
| २) फोहरमैला व्यवस्थापन | २००.०० | २००.०० | वडा न ५ मा फोहोर व्यवस्थापनका लागी ट्याक्टर खरिद |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| ३) वातावरण संरक्षण | ५५०.०० | | वधशाला वजार व्यवस्थापन, प्रदुषण नियन्त्रण कार्यक्रम, वृक्षरोपण कार्यक्रम , वातावरणीय जोखीम न्यूनीकरण कार्यक्रम |
| ४) वन तथा भु-संरक्षण | २,५००.०० | २,३५६.२१ | वाढी नियन्त्रण कार्यक्रम, भू–सरक्षण कार्यक्रम, विरुवा वितरण |

| विषय क्षेत्र/उपक्षेत्र | विनियोजित वजेट | खर्च | प्रमुख उपलब्धिहरु |
|---|---|---|---|
| **ङ) संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन** | | | |
| १)विधि | २१०.०० | १५०.०० | |
| २) संस्थागत पुर्वाधार | ४,५००.०० | ९१६.१७.०० | कार्यलय भवन तथा तालीम कक्ष निर्माण |
| ३) संस्थागत क्षमता विकास | ५,२००.०० | ४,७३८.०० | शुसान तथा संस्थागत विकास कार्यक्रम |
| ४) सूचना प्रविधि | ९१५.०० | ९१५.०० | सूचना प्रविधि तथा सफ्टवोयर प्रयोग |
| जम्मा | १०,८२५.०० | ६,७१९.७१ | |

## सभा सञ्चालन तथा वैठक

| क्रियाकलाप | संख्या | विवरण |
|---|---|---|
| १ सभा सञ्चालन | पटक | |
| १.१ सभा सञ्चालन भित्र वैठक संख्या | ५ | |
| २. सभाले जारी गरेको एने विवरण (हाल सम्मको सवै) | ९ | |
| ३.कार्यपालिकाको वैठक आ.व. ०७५।०७६) | ३५ | |
| ४. कार्यपालिकाको वैठकले जारी गरेका नियमावलीहरु -हाल सम्मको सवै) | ४ | |
| ५. कार्यपालिकाको वैठकले जारी गरेका कार्यविधिहरु -हाल सम्मको सवै) | ९ | |
| ६. कार्यपालिकाको वैठकले जारी गरेका निर्देशिकाहरु (हाल सम्मको सवै) | २ | |

## न्यायिक समिति

| क्रियाकलाप | सख्या | विवरण |
|---|---|---|
| १.न्यायिक समितिमा उजुरी परेका मुद्धा संख्या | ८१ वटा | |
| २. न्यायिक समिति मार्फत मेलमिलाप केन्द्रबाट फछ्यौट गराइएको मुद्धा | ५ वटा | ३२ वाँकी संख्या |
| ३. न्यायिक समिति मार्फत फछ्यौट गराइएको मुद्धा | ४ वटा | |
| ४. पालिका भित्र मेलमिलाप कर्ताहरुको संख्या | नरहेको | |
| ५ न्यायिक समिति मार्फत फछ्यौटको लागि सम्मानित अदालतमा पठाइएको मुद्धा संख्या | नरहेको | |

| उल्लेखनीय कार्य | | | |
|---|---|---|---|
| विवरण | क्षेत्र | ठेगाना | लागत बजेट |
| आवधिक योजना निर्माण | | | |
| झापाली प्रवासी समाजको सहकार्यमा मिस्त्री वस्तीमा १० वटा घर | | | |
| डिजिटल प्रोफाईल तयार<br>औद्योगीक क्षेत्र निर्माणको क्रममा रहेको<br>कमल बुलेटीन प्रकाशन प्रारम्भ गरिएको | | | |

| |
|---|
| जैविक मल उत्पादन गर्न १०० जनालाई तालिम |
| १०० जना किशोरीहरुलाई साईकल वितरण -विद्यालय) |
| वडा नं १ मा गाउँपालिका संग कारितास नेपालवाट सुकुम्वासी वस्तीमा ९ वटा घर निर्माण |
| काठका विजुलीका पोलहटाई सिमन्टीका पोलहरु व्यवस्थापन गर्ने अभियान |
| पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणको लागी डि. पि. आर. तयार<br>स्वास्थ्य विमा २३० परिवारलाई<br>प्राविधिक धार मदन प्रतिष्ठानमा (जेटिए, अमिन, भेटनरी ओभरसियर तर्फ ६ लाख र सिमए र स्टाफनर्स ४ लाख छात्रवृत्ती |

| कार्यन्वयनमा देखिएका चुनौती तथा समस्याहरु |
|---|
| कर्मचारी अभाव |
| वित्तिय सामान्यीकरण पर्याप्त नभएको |
| खरिद प्रकृया झन्जटीलो भएको |
| समाधानका लागि गरिएको रचनात्मक भूमिका |
| कर्मचारी लोकसेवामा माग भएको |
| वार्षिक प्रगति समिक्षा सम्वन्धि सुझाव |
| भाद्र मसान्त भित्र वार्षिक समिक्षा |
| प्रदेश तथा केन्द्र सरकारलाई<br>प्रदेश स्तरीय आयोजना छानौट रहदा स्थानीय तहको मागको आधारमा हुनुपर्ने र केन्द्रस्तरीय समिक्षा हुनुपर्ने जसले अन्तर स्थानीयतह संग अनुभव साटासाटको व्यवस्था |

# महिला तथा बालबालिका शाखाबाट सञ्चालित आ.व. २०७६/७७ को पहिलो चौमासिकमा सम्पन्न भएका गतिविधिहरू




- हाल सम्म ४२१ वटा अपाङ्गता परिचयपत्र वितरण
- लैंगिक हिंसा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि ३ दिने तालिम
  प्रत्येक स्थानमा ३० जनाको सहभागीता भएकोमा जम्मा ३ ठाउँमा गरी जम्मा ९० जना महिलाको सहभागीता भएको थियो ।
- दुईवटा नयाँ महिला समुह गठन
- नवगठित महिला समुहका सदस्यहरुलाई अनुशिक्षण तलिम सम्पन्न गरियो ।
  जसमा महिला अधिकार, लैंगिक हिंसा, प्रजनन स्वास्थ्य , समुह बचत, सामुहिक तथा व्यक्तिगत व्यवसाय लगायतका विषयमा चेतना अभिवृद्धि गर्ने काम गरियो ।
- राष्ट्रिय वाल दिवस २०७६ को अवसर पारेर अन्त मावि वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरियो ।
  जसमा गोलाप्रथाबाट विषयबस्तु छनौट गरी गराईएको प्रतियोगितामा उत्कृष्ट छात्र छात्रालाई नगद पुरस्कार प्रदान गरियो ।
- जेष्ठनागरिक सम्मान कार्यक्रमका लागि ९० वर्ष पुरा भएका जेष्ठ नागरिकहरुको विवरण प्रदेशमा पठाईएको ।
- कमल गाउँपालिका र राष्ट्रिय अपाङ्ग महासंघसंगको सम्झौता बमोजिम समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता नियुक्तिमा समन्वयात्मक भुमिका ।
- अघिल्लो आर्थिक बर्षमा भएका व्यवसायिक समुहको अनुगमन।
- महिला संस्था समितिका अध्यक्ष सचिवहरुविच चौमासिक अन्तरक्रिया संस्था समितिकामहिला हरुको उपस्थितिमा सम्पन्न भयो ।

# सानोकेर्खामा सोलार बत्ती

झापाको कमल गाउँपालीका-३ मा सोलार बत्ती जडान गरिएको छ । सो स्थानमा रहेको नेपाली सेनाको २१ नं वाहिनी अड्डा लगायत मन्दिर क्षेत्रमा सोलार बत्ति जडान गरिएको हो । वैकल्पिक उर्जा प्रवर्धन केन्द्र काटमाडौ र कमल गाउँपालिकाको सहकार्यमा सोलर जडान गरिएको जनाईएको छ । सो क्षेत्रमा हात्ति आउने भएकोले त्यसबाट हुने क्षती न्युनीकरण गर्ने उदेश्यले सोलार बत्ति जडान गरिएको हो । सानुकेर्खा स्थित किँरातेश्वर शिव पाञ्चायन मन्दिरमा २ वटा, २१ नं वाहिनी अड्डको चार किनारामा ४ वटा र सोनोकेर्खा बाट ईलामको चुलाचुली गाउँपालिका जाने हात्ति प्रभावित सडकमा ७ वटा गरि जम्मा १३ थान सोलार बत्ति जडान गरिएको कमल गाउँपालिकाले जनाएको छ । वैकल्पिक उर्जा प्रवर्धन केन्द्र काठमाडौ बाट १० लाख ५० हजार रुपैयाँ र कमल गाउँपालिका बाट ४ लाख ५० हजार रुपैयाँ गरि जम्मा १५ लाख रुपैयाको लागतमा बत्ति जडान गरिएको कमल गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुवाश श्रेष्ठले जानकारी दिनुभयो ।



# आत्मनिर्भरताका लागि आलुमा अनुदान




आलुमा आत्मनिर्भर बन्ने लक्ष्य लिएको झापाको कमल गाउँपालिकाले किसानलाई अनुदान सहितको आलुको विउ प्रदान गरेको छ ।

गाउँपालिकाले १ सय २५ किसानलाई ५० प्रतिशत अनुदान सहित आलुको बिउ उपलब्ध गराएको हो । वडा नं. २ स्थित आईपीएम कृषि सहकारी सस्थाको आयोजना तथा कमल गाउँपालिकाको समन्वयमा बिउ प्रदान गरिएको हो । गाउँपालिकाले कारितास नेपाल र कृषि ज्ञान केन्द्र झापाको सहयोगमा १ सय २५ जना कृषकलाई जनही ५० केजी आलुको विउ ५० प्रतिशत अनुदानमा वितरण गरेको हो । कमल गाउँपालिकामा ब्लक लक्षित विउ आलु वितरण ले यहाँका कृषक लाई राम्रो फाईदा हुने कृषि ज्ञान केन्द्र झापाका प्रमुख निलकमल सिंहले बताउनुभयो । कमल गाउँपालिकाका किसान आलुमा आत्मनिर्भर भएकोले आलुको ब्लकको रुपमा गाउँपालिकालाई घोषणा गर्न संघ र प्रदेश सरकार माग गरिएको कमल गाउँपालिकाका अध्यक्ष

मेनुका काफ्लेले बताउनु भएको छ । गाउँपालिकामा उत्पादन भएको आलु लामो समय सम्म भण्डारण गर्नका लागी आवश्यक पर्ने शितभण्डारको समेत स्थापना गर्नका लागि आवश्यक पहल भई रहेको उहाँको भनाई छ । यस्तै कृषिको आधुनिकीकरण र विषदी रहित उत्पादनमा गाउँपालीकाले जोड दिएको उपाध्यक्ष बेनु सिवाकोटीले जनाउनु भएको छ । आईपीएम कृषि सहकारी सस्थाका अध्यक्ष याम बहादर राईको अध्यक्षतामा भएको कार्यक्रममा कारितास नेपालका कृषि प्रविधिक टंक कट्टेलले कमल गाउँपालिकाको माटो सुँहाउदो विभिन्न जातका आलुको विउ वितरण सगै आगामी दिनमा आलुका लागी आवश्यक पर्ने मलखाद समेत कृषकलाई निःशुल्क उपलब्ध गराईने जानकारी दिनुभयो ।



**कमल-७, झापामा सञ्चालित कृषक पाठशाला**

# प्रभावकारी बन्दै आलु पकेट



कमल गाउँपालिकाले सञ्चालन गरेको आलु पकेट क्षेत्र कार्यक्रम प्रभावकारी बनेको छ। गाउँपालिकाको कार्यक्रम लागु भए पछि व्यवसायीक रुपमा आलु उत्पादन समेत बढेको छ।

यहाँ समूह तथा व्यक्तिगत रूपमा किसानले खेती विस्तार गरिरहेका छन्। गाउँपालिका क्षेत्रमा गत वर्ष ३७ बिघामा आलु खेती गरिएको थियो। यो वर्ष विस्तार भएर ५० बिघा नाघेको स्थानीय आईपीएम कृषि सहकारी संस्थाका सहजकर्ता टंक कटेलले जानकारी दिनुभयो। गाउँपालिकामा 'आलु पकेट' कार्यक्रम सञ्चालित छ। जमिन र किसानको संख्या बढेकाले 'पकेट' बाट 'ब्लक' कार्यक्रम सञ्चालन गर्न किसानहरूले माग गरेका छन। यहाँ उत्पादन र आम्दानी राम्रो हुने भएपछि यो वर्ष कमल २, सुनारभालु गाउँमा आलु खेती गर्ने किसानको संख्या बढेको छ। सुनारभालु गाउँमा गत वर्ष ६० किसानले आलु खेती गरेका थिए। कटेलकाअनुसार यो वर्ष १५० किसानले आलु लगाएका छन्। उक्त गाउँका किसानले उत्पादन गरेको आलु स्थानीय बजारमै बिक्री हुने गरेको छ। क्याम्पा, केर्खा, दमक, धरमपुर, झिलझिले, बिर्तामोडलगायत

क्षेत्रमा आलु खपत हुने गरेकाले किसान आलु खेतीतर्फ आकर्षित भएका हुन्। गाउँको माटो आलु खेतीका लागि उपयुक्त रहेको किसान बिष्णु अधिकारीले बताउनु भएको छ।
आलु खेतीमा लागेका किसानलाई गाउँपालिका र सहकारीले विभिन्न शीर्षकमा अनुदान दिने गरेका छन।

**रसायनीकमुक्त खेती**

कमल गाउँपालिकामा उत्पादन हुने आलु रासायनिक मल तथा विषादीरहित हुने गरेको छ। गाउँपालिकाले २ वर्षदेखि विषादीरहित खेती कार्यक्रम सञ्चालन गरिरहेको छ। उक्त कार्यक्रम सुरु भएदेखि किसान आफैले उत्पादन गरेको 'जैविक मल' खेतीमा प्रयोग गर्छन। जैविक मल बनाउन नसक्ने किसानलाई आईपीएम सहकारीले व्यावसायिक रूपमा उत्पादन गर्दै आएको जैविक मल बिक्री वितरण गर्ने गरेको छ। जैविक मल प्रयोग गर्दा खेतीमा लाग्ने किराबाट बच्न सहकारीले जैविक ढुसिनाशक विषादी (टाइकोडर्मा) पनि वितरण गर्ने गरेको छ। ढुसिनाशक विषादी पनि सहकारीले नै उत्पादन गर्दै आएको छ। सहकारीले जैविक विषादी उत्पादनका लागि बाली संरक्षण निर्देशनालय तथा साविकको जिल्ला कृषि विकास कार्यालयबाट १६ लाख मूल्यको ल्याबका सामान प्राप्त गरेको छ। ल्याबबाट एक हप्तामा २० केजी जैविक विषादी उत्पादन गर्ने गरेको अध्यक्ष राईले जानकारी दिए। एक प्याकेट विषादीले ५० केजी गोबरमा मिसाएर १ कटा जमिनमा प्रयोग गर्न मिल्ने उनले बताए। उक्त विषादी सहकारीले आफना सदस्य किसानलाई निःशुल्क वितरण गर्दै आएको छ।

# अध्यक्ष कृषि पकेट कार्यक्रम

झापाको कमल गाउँपालिकामा 'अध्यक्ष कृषि पकेट' कार्यक्रम शुरु भएको छ। कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले चालू आर्थिक वर्षदेखि 'अध्यक्ष कृषि पकेट कार्यक्रम' ल्याईएको हो। यस कार्यक्रममार्फत कृषिमा आधुनिकीकरण गरिने गाउँपालिकाले जनाएको छ। 'कृषिको विकास कमल गाउँपालिका निकास' भन्ने नाराका साथ कृषि क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर कृषि प्रविधिको प्रयोगमार्फत निर्वाहमुखी र परम्परागत कृषिलाई आधुनिक, औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्दै कृषिजन्य घरेलु तथा साना उद्योगको स्थापनामार्फत स्वरोजगार प्रवर्द्धनमा जोड दिइने गाउँपालिका कृषि विकास शाखाले जनाएको छ।

कार्यक्रममा व्यावसायिक कृषकलाई विशेष गरेर नगदे बाली, मौसमी र बेमौसमी तरकारी, पुष्प व्यवसाय तथा फलफूल उत्पादनसम्बन्धी तालीम र अनुदानको व्यवस्था गरिने शाखाले जनाएको छ। कृषकले उत्पादन गरेको वस्तुको बजारीकरणका लागि गाउँपालिकाले कृषिमेला, कृषि प्रदर्शनी, किसान दिवसजस्ता प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्नुका साथै

हरेक वर्ष प्रत्येक वडाबाट एक उत्कृष्ट कृषकलाई पुरस्कृतसमेत गरिने गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार कृषि क्षेत्रको विकासका लागि उक्त कार्यक्रममार्फत रासायनिक मल र विषादीलाई न्यूनीकरण गर्न प्राङ्गारिक मल उत्पादन र प्रयोगमा जोड दिइनेछ । यसका लागि आवश्यक कच्चा पदार्थमा कृषकको आफ्नै घरबाट निस्किएको फोहरलाई प्राङ्गारिक मल बनाउने अभियानको रुपमा अगाडि बढाउने अध्यक्ष काफ्लेले बताउनुभयो ।

कृषकलाई अतिरिक्त उत्पादन गराई आम्दानीमा वृद्धि गर्ने उद्देश्यले गाउँपालिका क्षेत्रभित्र रहेका सडक किनारा, नदी किनारा खाली रहेको सार्वजनिक तथा निजी जमीनमा फलफूलका बिरुवा लगाउन गाउँपालिकाले बिरुवा वितरण गर्ने उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले जानकारी दिनुभयो । कृषकले जथाभावीरूपमा रासायनिक मल र विषादी प्रयोग गरेका कारण माटोको उर्वराशक्तिमा ह्रास आएकाले यसै आर्थिक वर्षदेखि निःशुल्क माटो परीक्षण गराई कृषि चुन अनुदानमा उपलब्ध गराइने तथा नदी किनारा बगरखेतीलाई प्रोत्साहन गरिने उपाध्यक्ष शिवाकाटीले बताउनु भएकोछ । कृषि व्यावसायीकरणका लागि कृषि उपजको उचित मूल्य र बजारका लागि कृषकसँगको साझेदारीमा ड्रायर मेसिन, शीतभण्डार सञ्चालन गर्न व्यवसाय प्रवर्द्धन गर्न कोषमार्फत ब्याज अनुदानमा बीउ पूँजी परिचालन गरिने गाउँपालिकाले जनाएको छ ।



# मेरो वर्ष अभियान

झापाको कमल गाउँपालिकामा मेरो वर्ष अभियान २०७६ सञ्चालन गरिएको छ । २०७६ सालको शुरुवातसँगै गाउँबासीलाई आफ्नो स्वास्थ्य प्रति सचेत रहन आग्रह गर्दै यो अभियान सञ्चालन गरिएको हो ।

गाउँबासीलाई तनाव रहित जिवन यापन गर्न, घर आँगन र समुदाय सफा राख्न, ट्राफिक नियम पालना गर्न, मदिरा, चुरोट तथा सुर्ति जन्य पदार्थको सेवन नगर्न, नियमित व्यायम गर्न अभिप्रेरीत गर्ने गरी बर्ष भरी बिभिन्न कार्यक्रम गरिने गाउँपालीकाकाले जनाएको छ । पछिलो समयमा नेपालमा सर्ने रोग भन्दा नसर्ने रोग बाट मानिसको मृत्यु बढी हुनेगरेकोले नियमित स्वस्थ्य परिक्षण, खानपान र व्यायाम लगायतमा ध्यान दिन जरुरी रहेकोले नागरिकलाई सचेतना जगाउने उद्येश्ले कार्यक्रम सुरु गरिएको कार्यक्रम शुभारम्भ कार्यक्रममा गाउँपालीकाका उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले बताउनु भएको थियो ।



# गाउँपालिकाको सहयोगमा चिस्यान केन्द्र



झापाको कमल गाउँपालिकाको सहयोगमा वडा नं.७ को गेउरीयामा दुग्ध चिस्यान केन्द्र सञ्चालनमा आएको छ । ईन्द्रेणी बहुद्धेशीय सहकारी संस्था मार्फत दुग्ध संकलन तथा चिस्यान केन्द्र सञ्चालनमा आएको हो ।

चिस्यान केन्द्र सञ्चालनमा गाउँपालिकाले पनि सहयोग गरेको छ । दुध चिस्याउने उपकरण तथा केहि संकलन गर्ने भाँडाका लागि ५ लाख १५ हजार रुपैयाँ गाउँपालिकाबाट प्राप्त भएको संस्थाका व्यवस्थापक खगेन्द्र भण्डारीले जानकारी दिनुभयो । सो बाहेक जेनेरेटर, अन्य उपकरण तथा समानहरुको व्यवस्था सहकारी संस्थाले गरेको हो । गाउँपालिकाको सहयोग र संस्थाको लगानी गरि १२ लाख रुपैयाँ भन्दा बढिको लागतमा दुग्ध संकलन केन्द्र सञ्चालनमा आएको उहाँले बताउनुभयो ।

सहकारी संस्था मार्फत सञ्चालित सो संकलन तथा चिस्यान केन्द्रमा स्थानीय १ सय ५० भन्दा बढि सदस्यहरुले दुध बिक्रि गर्ने गरेका छन् । दुधको गुणस्तरको आधारमा मुल्य निर्धारण हुने भएकाले किसानले पनि यसबाट फाईदा लिन पाएको संस्थाले जनाएको छ । संस्थाका संकलित दुध अन्य डेरी उद्योगमा जाने गरेको छ भने स्थानीय स्तरमा पनि केहि विक्रि हुने गरेको छ । संकलन केन्द्रको अभावमा निजी व्यवसायीहरुलाई बिहान मात्र दुध बिक्रि गर्न सहज हुने र बेलुकाको दुध बिक्रि गर्न समस्या हुने गरेको थियो । तर बिहान बेलुकाकै दुध बिक्रिका लागि बजारको समस्या नभएकाले व्यवसायीक पशुपालनमा किसानलाई प्रेरित गर्न पनि दुध संकलन तथा चिस्यान केन्द्र सहयोगी हुने गाउँपालिकाको अपेक्षा छ ।

**छोराछोरी बराबरी, स्कुल पठाऔं सरासरी**

# उपभोक्ता हित संरक्षण समिति



उपभोक्ता अधिकारको रक्षा र बजार नियमन तथा व्यवस्थापनका लागि कमल गाउँपालिकामा उपभोक्ता हित संरक्षण समिति गठनभएको छ ।

गाउँपालिका उपाध्यक्ष बेनु प्रसाद सिवाकाटीको अध्यक्षतामा समति गठन भएको हो । समितिको सदस्यमा गाउँपालिकाका आर्थिक समिती संयोजक नरप्रसाद दंगाल, ईलाक प्रसाशन कार्यत्रलयका प्रतिनिधी, स्वस्थ्यशाखा प्रमुख रामचन्द्र मिश्र, उद्योग वाणिज्य सङ्घका अध्यक्ष उमनाथ भण्डारी, उपभोक्ताहित संरक्षण समितिका तर्फबाट विरेन्द्र अधिकारी, गाउँपालिका अधिकृत तुलसी प्रसाद ओभ्रा रहनु भएको गाउँपालिकाले जनाएको छ ।

**सघन बजार अनुगमन**

उपभोक्ता हित संरक्षण समिति गठनसँगै कमल गाउँपालिकामा सघन रुपमा बजार अनुगमन गरिएको छ । समिति गठन लगत्तै बिभिन्न चाडपर्वहरुलाई लक्षित गरि गाउँपालिका भित्र रहेका बिभिन्न बजार अनुगमन गरिएको थियो । अनुगमन टोलिले उपभोग्य मिति समाप्त भएका समान विक्रिवितरण गरीरहेको अवस्थामा गाडी समेत नियन्त्रण लिएको थियो । अनुगमनका क्रममा भेटिएका अखाद्य तथा मिसावट युक्त ५० हजार मुल्य भन्दा बढीका सामाग्रीहरु नष्ट गरिएको थियो । त्यस्ता बस्तुको कारोवारमा संलग्न व्यवसायीलाई पुनः यस्ता सामाग्री विक्रि वितरण नगर्न र उपभोक्ताको स्वस्थ्यमा असर नपुऱ्याउन सचेत गराएको शिवाकोटीले जानकारी दिनु भएको छ । समितिले आगामी दिनमा समेत बजार अनुगमन तथा व्यवस्थापनका कार्यलाई नियमितता दिने जनाईएको छ ।

# कला संस्कृति प्रतिष्ठान गठन



कमल गाउँपालिकामा कमल साहित्य कला संस्कृति प्रतिष्ठान स्थापना गरिएको छ । कमल गाउँपालिका क्षेत्रभित्र साहित्य, कला र संस्कृति सम्बन्धी गतिविधिलाई व्यवस्थित ढङ्गबाट अघि बढाउन गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने साहित्यानुरागीहरूको भेलाबाट आईतवार कमल साहित्य कला संस्कृति प्रतिष्ठान नामक संस्था स्थापना गरिएका हो । एक भेलाले अग्नीर्प्रसाद कोइरालाको अध्यक्षतामा १५ सदस्यीय समिति गठन भएको छ । समितिको उपाध्यक्षमा देवी देउराली, सचिव कृष्ण प्रसाद रेग्मी, महासचिव विजयकुमार अधिकारी, कोषाध्यक्ष बद्री साम्पाङ राई, सदस्यहरु गोविन्दप्रसाद पौड्याल, नरबहादुर दाहाल, कैलाश थापा, जितेन राई , राजन चापागाईं, अभागी थेगुबा, कल्पना आचार्य ओली, रञ्जु निरौला, ओमप्रकाश गौतम रहेका रहनु भएको छ । कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेको अध्यक्षतामा भएको भेलामा विन्दु दाहाल मुकदर्शक लगायत गाउँपालिका भित्ररहेका २० जना भन्दा बढी साहित्यानुरागीहरुको उपस्थिती रहेको थियो ।

# प्राथमिक उपचार तालिम

कमल गाँउपालिकास्थित नेपाल रेडक्रस सोसाईटी लखनपुर उपशाखाले गाँउपालिकाको सहकार्यमा तीनदिने प्राथमिक उपचार सम्बन्धी तालिम सञ्चालन गरेको छ । रेडक्रसको आफनै सभाहलमा भएको तालिममा कमल गाँउपालिकाका ७ वटै वडाका प्रतिनिधि, शिक्षक नायक गरि २४ जनाको सहभागिता रहेको थियो ।




प्राथमिक उपचार सम्बन्धी अभिमुखीकरण दिने उद्देश्यले सञ्चालन गरिएको तालिममा रेडक्रसका प्रदेश १ का कोषाध्यक्ष ओमप्रकाश गौतम, सहकोषाध्यक्ष चन्द्रप्रकाश खरेल,हेम खड्का,हरिशशरण खड्का र पारषमणि राई सहजकर्ता रहनु भएको थियो । रेडक्रस लखनपुर उपशाखाका सभापति चन्द्र शाहको अध्यक्षतामा भएको तालिम उद्घाटनमा गाँउपालिकाकी अध्यक्ष मेनुका काफ्ले , प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ, समाजसेवी पूर्णानन्द शर्मा लगायतले तालिमको महत्वका बारेमा बोल्नु भएको थियो । रेडक्रस उपशाखाकी उपसभापति चन्द्रकला भण्डारीले स्वागत मन्तव्य राख्नु भएको उद्घाटन कार्यक्रममा रेडक्रस उपशाखाका सल्लाहकारहरु,संघसंस्थाका प्रतिनिधिहरु ,रेडक्रसकर्मीहरु लगायतको उपस्थिति रहेको थियो ।

# नयाँ भवनमा वडा कार्यालय



कमल गाउँपालिका वडा नं. ३ को कार्यालय नयाँ भवनबाट सञ्चालन शुरु भएको छ । वडा कार्यलय भवनको निर्माण सम्पन्न पछि  गाउँपालिकालाई हस्तान्तरण गरिएसँगै सञ्चालनमा आएको हो । भवन निर्माण समितीका अध्यक्ष शेलिना राईल भवनको साँचो गाउँपालिका अध्यक्ष मेनुका काफ्लेलाई हस्तान्तरण गर्नु भएको थियो ।  सोसँगै अध्यक्ष काफ्लेले वडा कार्यालयको उद्घाटन गर्नु भयो । वडा कार्यालयसँगै साहि भवनमा सञ्चालन हुने आधारभूत स्वास्थ्य केन्द्रको पनि अध्यक्ष काफ्लेले उद्घाटन गर्नु भयो । कार्यक्रममा अध्यक्ष काफ्लेले गाउँपालिकाले सबै वाडामा आफ्नै भवन निर्माण गर्ने लक्ष्य राखेको बताउनुभयो । कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवाश श्रेष्ठले सबै क्षेत्रको सहयोग र सहकार्यले स्थानीय सरकारका काम प्रभावकारी हुने बताउनुभयो ।

कार्यक्रममा प्याप्सन झापाका वरिष्ठ उपाध्यक्ष गौरिमान फागो, नेकपा कमल गाउँपालिका अध्यक्ष भिमप्रसाद राई,मनबहादु थलुङ्ग लगायतले बोल्नु भएको थियो । कमलगाउँपालिकाको १२ लाख र प्रदेश सरकारको  २५ लाख गरि जम्मा ३७ लाख रुपैयाको लागतमा  ३ तालाको ९ कोठे  भवन  निर्माण गरिएको हो  । सो भवनको भुईतलामा

आधारभुत स्वस्थ्य केन्द्र, जेष्ठ नगरिकको कार्यलय र खोपकेन्द्र रहने छ भने दोश्रो तलामा वडा नम्वर ३ को वडा कार्यलय र तेश्रो तलामा प्रमुख प्रशासकिय अधिकृतको निवास रहने कमल गाउँपालिका वडा नम्बर ३ का वडा अध्यक्ष नरप्रसाद दंगालले जानकारी दिनु भएको छ । कार्यक्रम भवन निर्माण समितीका सचिव विरेन्द्र अधिकारीले सञ्चालन गर्नु भएको थियो ।






गाउँपालिका न्यायिक समितिको छलफलमा समिति संयोजक तथा गाउँपालिका उपाध्यक्ष बेनुप्रसाद सिवाकोटी लगायत ।

# लैंगिक हिंशा विरुद्ध बिभिन्न कार्यक्रम

लैगिक हिंसा विरुद्धको १६ दिने अभियान कमल गाउँपालिकामा विभिन्न कार्यक्रम गरि मनाईएको छ । “समानताको पुस्ता, बलत्कार विरुद्धको ऐक्यवद्धता ” भन्ने नाराका साथ झपाको कमल गाउँपालिकाकाले पनि विभिन्न कार्यक्रम सहित लैगिक हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरेको हो । अभियानका क्रममा बिभिन्न वडाहरुमा समेत कार्यक्रम गरियो भने गाउँपालिकाले विशेष कार्यक्रम गरि अभियानको शुभारम्भ गरेको थियो । अभियान शुभारम्भ कार्यक्रममा कामल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले  लैगिक हिंसा विरुद्धको अभियानमा प्रत्येक नागरिक जुट्न आवश्यक रहेको बताउनु भयो ।




कार्यक्रममा कमल गाउँपालिकामा उपाध्यक्ष वेनुप्रसाद सिवाकोटी, प्रमुख प्रशासकिय अधिकृत सुवास श्रेष्ठ,वडा अध्यक्षहरु ,वडा सदस्य, विद्ययालयका शिक्षक तथा विद्यार्थी, संघ सस्था ,विभिन्न संघ सस्थाका प्रतिनिधी ,सहकारी सस्थाका प्रतिनिधीको उपस्थितीमा रहेको गाउँपालिका महिला तथा वालवालिका शाखाका प्रमुख रेनुका गौतमले जानकारी दिनु भयो ।

# स्वास्थ्य स्वयंसेविकालाई साईकल




झापाको कमल गाउँपालिकाले महिला स्वास्थ्य स्वयम्सेवीकाहरुलाई साईकल प्रदान गरेको छ ।

१६ औ स्वयम्सेविका दिवसको अवसर पारि साईकल प्रदान गरिएको हो । स्वयंसेविका, स्वस्थ्य प्रवर्धनमा अहम भुमिकाँ भन्ने नाराका साथ यस वर्षको दिवश मनाईएको हो । मातृशिशू स्वास्थ्य सेवाका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका कमल गाउँपालिमा कार्यरत २४ जना स्वयम्सेविका लाई एक एक थान साईकल वितरण गरिएको कमल गाउँपालिकाका उपाध्यक्ष वेनु प्रसाद सिवाकोटीले जानकारी दिनुभयो । गाउँपालिकामा कार्यरत स्वयम्सेविका लाई केन्द्र सरकारले उपलव्ध गराउदै आएको सेवासुविधा बाहेक गाउपालिकाले बैठक भत्ता वापत मासिक १ हजार र ६० वर्ष उमेर पुरा भएपछि ५० हजार रुपैया उपलव्ध गराउनुका साथै उनिहरुको वृद्धि विकासका लागी एकमुष्ट २ लाख रुपैयाको कोष स्थापना गरिएको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनु भएको छ ।

# सरसफाईको नियमिततामा जोड



कुनैपनि कुरा पाउन जति सजिलो छ ,त्यसलाई बचाई राख्नु त्यो भन्दा कठिन हुने कमल गाउँपालिकामा आयोजीत एक कार्यक्रमका सहभागीहरुले बताएका छन् ।
झापाको कमल गाउँपालिकामा सामाजिक रुपान्तरणका लागी पुर्ण सरसफाई अभियान पालिका स्तरिय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी भेलाका सहभागीले यस्तो बताएका हुन् । कमल गाउँपालिकाले दुई वर्ष अगाडी नै खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरे वापत ओडिएफ च्याम्पियन अवार्ड पाए पनि अहिले त्यस लाई जोगाई राख्न सवै लाग्नु पर्ने सहभागीले बताए । खुल्ला दिशामुक्त घोषणा अभियानका क्रममा निर्माण गरिएका शौचालयहरुको उपयोग, मर्मत सम्हारमा पनि ध्यान दिनु पर्ने कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताउनुभयो । झापाको गौरव, झापाको सान, सामाजिक रुपान्तरणका लागी पूर्ण सरसफाई अभियान भन्ने नाराका साथ झापा जिल्लामा दुईवटा गाउँपालिका र एक नगरपालिकामा पुर्ण सरसफाई अभियान लागुभएको छ । जस अन्तरगत कमल गाउँपालिका र गौरिगंज गाउँपालिका तथा वर्तामोड नगरपालिका पुर्ण सरसफाई अभियान कार्यक्रम लागुभएको हो ।

यो कार्यक्रम लागुभएका गाउपालिका र नगरपालिकाका जनताले सरसफाई सम्बन्धि न्युनतम आवश्यकता पुरागर्नुपर्ने हुन्छ । शौचालय गरेपछि न्युनतम साबुन पानिले हातधुनु शौचालयमा शौच गर्नु पर्ने जस्ता न्युनतम कामगर्नु पर्ने बारे कार्यक्रमका सहभागी लाई विराट सामुदायीक अध्यायन केन्द्रका सदस्य सोम आचार्यले जानकारी गराउनु भएको थियो ।

पुर्ण सरसफाईका लागी ठुलो बजेटको आवश्यकता नपर्ने आफुले गरिरहेका काममा थोरै परिवर्तन ल्याउने हो भने पुर्ण सरसफाईका कार्यक्रम सफलहुने यु एन ह्याविटासका झापा जिल्ला संयोजक विनोद शर्माले बताउनुभयो ।

गाउपालिका लाई कसरी पुर्ण सरसफाई बनाउन सकिन्न भनेर यो कार्यक्रम सञ्चालनमा त्यएको हो हेर्दा बजेट थोरै देखिन्छ , हाम्रो उद्येश्य भनेको हरेक कुरामा स्वभ्छता ल्याउनु रहेकोले सबै मिलेर आ आफ्नो ठाउँ बाट लागेमा कमल गाउँपालिका पुर्ण सरसफाई अभियानमा नमुना गाउँपालिका बन्ने कमल गाउँपालिकाका तत्कालिन प्रमुख प्रसासकिय अधिकृत युवराज ढकालले बताउनु भएको थियो ।

कार्यक्रममा कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेको अध्यक्षतामा भएको थियो । वडा अध्यक्ष, विद्ययाल, विभिन्न संघ सस्था, बाल क्लव, उद्योगी व्यवसायी, खानेपानी शिक्षा स्वस्थ्य लगायतका संघसंस्थाका प्रतिनिधी रहने गरी ३१ सदस्य कमल गाउँपालिका स्तरिय खानेपानी, सरसफाई तथा स्वस्छता समन्वय समिती समेत गठन भएको गाउँपालिकाले जनाएको छ ।



वडा नं. ५ को हिमाली मार्ग निर्माण अवस्था बारे जानकारी लिँदै वडाध्यक्ष डम्बरबहादुर निरौला

# विकास प्रतिको बुझाईमा एकरूपता छ : प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठ

कमल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी हाल सुवास श्रेष्ठले सम्हालि रहनु भएको छ । २०६० सालमा निजामती सेवामा प्रवेश गरेका श्रेष्ठले साविक र हालका विभिन्न स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतका रूपमा सफलतापूर्वक कार्यसम्पादन गरि सक्नु भएको छ । स्थानीय तहका अनुभवी श्रेष्ठले सार्वजनिक प्रशासनमा स्नातकोत्तर गर्नु भएको छ । प्रशासनमा राम्रो दक्खल भएका श्रेष्ठ निजामती सेवालाई जनमुखी बनाउनुपर्ने आवश्यकता औंल्याउनु हुन्छ । प्रस्तुत् छ श्रेष्ठसँग गाउँपालिकामा भएका विकास निर्माण, समस्या, चुनौती र स्थानीय तहको हालको अवस्थाबारे राजधानी दैनिकमा प्रकाशित अन्तरवार्ता :




**० पछिल्लो समय कर्मचारी र जनप्रतिनिधिबीचको सम्बन्ध कस्तो पाउनुभएको छ ?**

- यो विषयलाई अलगअलग रूपमा हेर्नुपर्ने हुन्छ । कुनै स्थानीय तहमा सुमधुर सम्बन्ध रहेको छ भने कुनै स्थानीय तहमा सम्बन्ध खस्केको छ । समग्रमा सन्तोषजनक रूपमा नै लिन सकिन्छ । जनप्रतिनिधि र कर्मचारीबीचको सम्बन्ध र सीमाका बीचमा बुझाइमा एकरूपता नहुँदा समस्या भएको पाइन्छ । कमल गाउँपालिकामा अहिलेसम्म जनप्रतिनिधि र कर्मचारीबीच सुमधुर सम्बन्ध छ ।

**० प्रधानमन्त्रीको निर्वाचन क्षेत्रसमेत रहेको कमल गाउँपालिकामा समृद्धिका केकस्ता योजना अघि बढिरहेका छन् र सम्भावना के कस्ता छन्** ?

● यहाँ सम्भावना धेरै छन् । संघीय सरकारबाट औधोगिक क्षेत्रका लागि प्रक्रिया अघि बढिसकेको छ, अन्तर्राष्ट्रिय रंगशाला छलफलको क्रममा छ, महत्वपूर्ण सडक निर्माणका कार्यक्रम अगाडि बढेका छन् । आयुर्वेद अस्पताल निर्माण कार्य अघि बढिरहेको छ । यस क्षेत्रमा पर्ने कमल र रतुवा खोलाको तटबन्द गरी सुरक्षित नागरिक बसोबासको कार्य निरन्तर चलिरहेको छ । त्यस्तै, पालिकास्तरबाट आन्तरिक पर्यटकीय पर्यटन प्रवर्द्धनका लागि सिमसार र कमलपोखरीको विकासका काम अघि बढाइएको छ । पालिकास्तरका गौरवका आयोजना सञ्चालनमा छन् । स्थानीय रोजगारीको सिर्जना र आय आर्जन वृद्धि हुने गरी सहकारीको परिचालन गरी व्यवसाय प्रवर्द्धन कोषमार्फत निर्ब्याजी बीउ पुँजी परिचालन गरी युवा उद्यमीको विकास गर्ने योजनाअघि सारिएको छ । शिक्षा क्षेत्रमा गुणात्मक विकासका लागि सामुदायिक विद्यालय सुधारको कार्य अगाडि बढाउने योजना छ । कृषिमा यान्त्रिकीकरण गरी विभिन्न पकेट क्षेत्रका कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम अगाडि बढेका छन् । प्रधानमन्त्रीको गाउँपालिकामा विकासको लहर सिर्जना गर्नेगरी कार्यअघि बढारहेका छौं ।

**० विकास निर्माण कार्यमा जनताको सहभागिता जुटाउन पालिकाले कस्तो रणनीति लिएको छ ?**

● जनप्रतिनिधिको चाहना जनसहभागिता वृद्धि होस् भन्ने नै पाइन्छ । त्यसैले यस पालिकाले सडक कालोपत्रे गर्दा कम्तीमा २० प्रतिशत जनसहभागितापश्चात् मात्र कार्य सुरु गर्ने गरेको छ । यसले गर्दा स्थानीय सहभागिता वृद्धि हुन जाने र नागरिकको विकासप्रतिको अपनत्व ग्रहण हुन सहयोग पुग्ने देखिन्छ । त्यस्तै, सबै टोलबस्तीमा टोलविकास संस्था गठन भएका छन् । यसले आफ्नो टोल क्षेत्रमा हुने विकासका गतिविधि अगाडि बढाउन र सामाजिक एकता, सद्भाव र सामाजिक पुँजी निर्माणमा सहयोग पुग्न सक्ने अवस्थाको सिर्जना गर्न सहयोग पुग्नेगरी कार्य अगाडि बढाइएको छ । यस पालिकाले ५ लाख रुपैयाँसम्मका आयोजनामध्ये कंक्रिटजन्य कार्य र १० लाख रुपैयाँसम्मका ग्राभेल एवं माटो पुर्ने जस्ता कार्यबाहेक अन्य सबै आयोजनामा बोलपत्रको माध्यमबाट खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ । यसले गर्दा

उपभोक्ताको क्षमता हुने किसिमका आयोजनामा मात्र उपभोक्ताको प्रत्यक्ष सहभागिता हुने व्यवस्था मिलाइएको छ ।

० **राजनीतिक दलको सहयोग कसरी प्राप्त गर्नुभएको छ ?**

- स्थानीय तहको निर्वाचपश्चात् राजनीतिक समस्या समाधान भएको छ । तथापि, जनप्रतिनिधिले नै अन्य दलसँग समन्वय गर्ने भएकाले खासै समस्या छैन । सबै दलको उद्देश्य समृद्धि र विकास भएकाले प्रायः सबैबाट सहयोग प्राप्त नै भएको छ । यस पालिकामा रहनु भएका जनप्रतिनिधिमा विकासप्रतिको बुझाइमा एकरुपता भएकाले पनि होला सबै दलबाट जनप्रतिनिधिलाई र कर्मचारी समेतलाई आवश्यक सहयोग नै प्राप्त भएको अवस्था छ ।

० **अहिलेको अवस्थामा स्थानीय तहको क्षमता प्रभावकारी भएन भन्ने विषय जोडदार उठिरहेको अवस्थामा स्थानीय तहमा विद्यमान समस्या केके रहेको देख्नुहुन्छ ?**

- स्थानीय तहलाई संविधानले नै एकल अधिकार सुनिश्चित गरिदिएको छ । उल्लेखित अधिकारको प्रयोगका लागि समय लाग्छ । हामीले धैर्य गरेर परिपक्वता हासिल गर्न जरुरी छ । स्थानीय तहमा हाल अनगिन्ती समस्या छन्, ती सबै समस्यालाई विस्तारै हल गर्दै जानु पर्ने अवस्था छ । स्थानीय तहका धेरै विषयमा साझा समस्या छन्, ती समस्यामध्ये मुख्य समस्या भनेको कर्मचारी व्यवस्थापन नै हो । तर, यो विषय २/३ महिनाभित्र समाधान हुँदै छ । त्यस्तै, स्थानीय तहका कर्मचारीसँग सरोकार राख्ने सेवा, शर्त र सुविधासम्बन्धी कानुन तर्जुमा हुन सकेका छैनन् । संविधानको अनुसूचीमा उल्लेख भएका एकल अधिकार र साझा सूचीका अधिकारअनुसारका कानुन तयार हुन सकेका छैनन् । कुनकुन कानुन बनाउने भन्ने विषयमा अन्योल नै छ । कतिपय स्थानीय तहले बनाएको कानुन संघीय कानुनसँग बाझिएका छन् । खरिद नियमावली बनाई खरिद प्रक्रियाका कानुनी पक्षमा जनप्रतिनिधि सामेल हुन पाउने गरी कतिपय स्थानीय तहले कानुन बनाउन खोजेको पाइन्छ । जसले विविध अन्योल सिर्जना गरेको छ । कानुन बनाउने विषयमा अभ्यास, अनुभव र विज्ञताको अभाव खड्किएको छ । कतिपय जनप्रतिनिधिमा हामीले निर्णय गर्दा भइहाल्छ नि भन्ने सोचाइ छ । जसले गर्दा गर्नुपर्ने विषय ओझेलमा पर्ने र नगर्नु पर्ने विषयले प्राथमिकता पाएका छन् । स्थानीय तहको अर्को समस्या भनेको बैठक सञ्चालन प्रणाली, कानुन तर्जुमा गर्ने विधि, बजेट निर्माण प्रक्रियाजस्ता विषयलाई प्रणालीमा ढाल्न सकिएको छैन । माध्यमिक तहसम्मको

अधिकारलाई संघीय कानुनको अवरोधका कारण प्रभावकारी रूपमा अघि बढाउन सकिएको छैन । यसैगरी, कार्यजति सबै स्थानीय तहमा गएका छन् तर, सोअनुसार संघीय सरकारबाट प्राप्त निशर्त अनुदान प्राप्त हुन सकेको छैन भने स्थानीय नागरिकहरुमा कर तिर्ने बानीको विकास नहुँदा आन्तरिक आयस्रोत समेत मजबुत रुपमा स्थापित हुन सकेको छैन

० **गाउँपालिकाले योजना कसरी तर्जुमा गर्ने गरेको छ र कस्ता किसिमका योजना एवं कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ?**

- योजना तर्जुमा दिग्दर्शन २०७५ को अधिनमा रही योजना तर्जुमा हुने गरेको छ । स्थानीय टोलविकास संस्था, वस्तीबाट माग संकलन गरी वडा समितिमा प्राथमिकताका आधारमा योजना छनोट भई गाउँपालिकामा प्राप्त भइसकेपछि सभाबाट लामो छलफलपश्चात् वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्ने पद्धति रहेको छ । गाउँपालिकाले मुख्य गरेर एक वडा एक मुख्य योजना छनोट गरी पूर्वाधारका कार्यलाई अघि बढाएको छ । त्यस्तै, स्थानीय आयआर्जन वृद्धि गरी रोजगारी सिर्जना हुने किसिमले व्यवसाय प्रवर्द्धन कोषमा ३ करोड रुपैयाँ बजेट विनियोजन गरी प्रक्रिया अगाडि बढाउने कार्य सुरु हुँदै छ । यसका लागि मोडालिटीसहितको कार्यविधि निर्माण चरणमा छ । शिक्षा, स्वास्थ्य, कृषिका विकासका ठोस योजना अगाडि सारिएका छन् । आन्तरिक पर्यटकलाई आकर्षित गर्ने किसिमले केही क्षेत्रको विकास गर्ने योजना बनाइएको छ ।

० **अहिलेको अवस्थामा कर्मचारीलाई काम गर्न कतिको असहज र चुनौती छ ?**

- हिजो र आजमा परिस्थिति फरक छ । निर्वाचित जनप्रतिनिधिको बुझाइ, स्थानीय परिवेश र वातावरण, कर्मचारीको कामप्रतिको लगाव, सदाचारिता एवं सेवाग्राहीप्रतिको व्यवहारजस्ता कुराले कार्य वातावरणको सहज र असहज परिस्थितिको निर्धारण गर्दछ । तथापि, स्थानीय तहमा हिजोको भन्दा आज उल्लिखित विषयको कारण सहज भने छैन । कामप्रतिको लगाव एवं केही नयाँपनको काम गर्नुपर्छ भन्ने दृष्टिकोणले काम गर्दा चुनौती जहाँ पनि रहन्छ । त्यस्तै, अहिलेको अवस्थामा महत्वपूर्ण चुनौती भनेको प्रचलित कानुनको परिपालना गर्नु र नागरिक सन्तुष्टिको स्तर उकास्नु रहेको छ ।

**० स्थानीय तहको कामलाई प्रभावकारी बनाउन केकस्ता कार्यलाई जोड दिन जरुरी देख्नुहुन्छ ?**

- अहिलेको मुख्य उद्देश्य भनेको प्रणालीलाई स्थापित गर्नु हो । तर, कतिपय पालिकामा तत्काल नतिजा निकाल्ने ध्यानमा जाँदा गलत कामले प्रश्रय पाएका छन् । हामीले निर्णय गर्दा हुन्छ भन्ने गलत मनसाय नराखीकन प्रचलित कानुनका आधारमा निर्णय गर्नुभन्दा अगाडि र पछाडिका बाटामा ध्यान दिन जरुरी छ । आफ्नो कार्यकालका अवधिमा गर्न सक्ने ठोस कार्यको सूची पालिकाले बनाउन जरुरी छ । त्यसमा जनप्रतिनिधिको ध्यान जान जरुरी देखिन्छ । कतिपय स्थानीय तहमा खरिद प्रक्रियामा जनप्रतिनिधि र कर्मचारी विवाद देखिन्छ, त्यस्ता विवाद हुन दिनुहुँदैन । जनप्रतिनिधिले नीति निर्माण र निर्णय गर्ने हो भने कर्मचारी प्रशासनले त्यसलाई कार्यान्वयन गर्ने हो तर पनि दुवै कुरामा दुवै पक्षबीच समझदारी हुन भने जरुरी देखिन्छ । अहिले हस्तान्तरित विषयगत कार्यहरु शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा जस्ता विषयमा दीर्घकालीन योजना बनाएर यस क्षेत्रमा कार्य गर्नसक्ने प्रचुर सम्भावना भएकाले त्यस तर्फ सिंगो गाउँपालिकाको ध्यान आकृष्ट भएको छ ।



वडा नं. को निर्माणाधिन वडा कार्यालय भवन अवलोकन, निरीक्षण गर्दै गाउँपालिका अध्यक्ष मेनुका काफ्ले, प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठ, वडाध्यक्ष पृथ्वीपति राई लगायत ।

# ८० प्रतिशत आधारभूत विकासका काम पूरा गर्छौं : केदार कटुवाल

अध्यक्ष, कमल गाउँपालिका
वडा नं.१



**पहिलो पटक भएको स्थानीय तहको निर्वाचनबाट कमल गाउँपालिका वडा नं-.१ का अध्यक्षमा केदार कटुवाल निर्वाचित हुनु भयो । निर्वाचित भएसँगै उहाँ स्थानीय क्षेत्रको विकासमा क्रियाशिल हुनुहुन्छ । निर्वाचन पछिको यस अवधीमा वडामा के कस्तो काम भई रहेको छ त ? प्रस्तुत् छ, उहाँसँगको कुराकानी :**

**वडाध्यक्ष भए पछिको यो अवधीलाई कसरी लिनु भएको छ ?**

स्थानीय तहको निर्वाचन मेरो लागि मात्रै होईन, देशकै लागि नौलो अभ्यास थियो । पहिलो पटक संघीयताको कार्यान्वयनका क्रममा स्थानीय तहको निर्वाचन भयो । त्यस पछि हामी निर्वाचित भयों । स्थनीय तहमा जनप्रतिनिधीहरु आए पछि शुन्यबाट काम शुरु गर्नु पर्यो । कानूनी संरचना देखि विकासका संरचनाहरुमा समय दिनु पर्यो । हामी पनि यहि ढंगबाट अघि बढेका छौं । आफ्नो बाटो आँफै बनाउँदै हामी अघि बढि रहेका छौं ।

**यस अवधीमा कस्ता योजनाहरुलाई प्राथमिकता दिनु भएको छ ?**

हाम्रो वडा मात्रै हाईन, यो गाउँपालिकानै ग्रामिण क्षेत्र हो । त्यसैले अझै पनि विकासका पूर्वाधाहरुमानै हामीले बजेट केन्द्रित गर्नु पर्ने अवस्था छ । सडक, पुल, कलभर्ट, विद्यालयका भवन तथा पूर्वाधार, विद्युतीकरण लगायतका योजनामानै ध्यान

दिनु पर्ने अवस्था छ । पूर्वाधारसँगै शिक्षा, कृषि तथा पर्यटनलाई पनि प्राथमिकता दिएर हामीले विकास निर्माण तथा सेवा प्रवाहलाई अघि बढाएका छौं । हामीले यहि अवधीमा यसै वडामा रहेको वाँसबारी आधारभूत विद्यालयलाई माविका रुपमा स्तरीकरण गरेका छौं । यसबाट यहाँका अभिभावक तथा विद्यार्थीहरुलाई ठुलो सहयोग पुगेको छ । यसै गरि अन्य विद्यालयहरुको पनि पूर्वाधार विकास तथा गुणस्तर सुधारका लागि लागि रहेका छौं ।

**यस वडामा पर्यटकीय योजना तथा सम्भावनाहरु के रहेका छन् ?**

यहाँ रहेको सवै भन्दा सम्भावनायुक्त स्थान भनेकोनै बाँसबारी कमल पोखरी हो । यसलाई संघीय सरकारले उत्कृष्ट सय गन्तव्यहरुको सुचीमा पनि राखेको छ । हामी वडा र गाउँपालिका स्तरबाट पनि यसको प्रवर्द्धन जुटि रहेका छौं । यसको डीपीआर पनि पूरा भई सकेको छ । गाउँपालिकाको तर्फबाट एक करोड रुपैयाँको हाराहारीमा हामीले खर्च गरेका छौं । यसलाई वडाको गौरवको योजनाको रुपमा पनि लिएका छौं । यहाँ एउटा सामुदायीक भवन पनि बनेको छ । यस वर्ष समेत यसको पूर्णता तथा घेरावारा र अन्य पूर्वाधारका लागि ५० लाख रुपैयाँ खर्च हुँदैछ । यो पोखरीको प्रवर्द्धनसँगै झापाका सिमान्तकृत सुमुदाय सन्थाल जातिको होमस्टेको पनि अवधारणा अघि सारेका छौं । त्यसैले हामी पर्यटन प्रवर्द्धनका लागि पनि प्रतिवद्ध भएर लागि परेका छौं ।

**आफ्नो कार्यकाल पूरा भएर विदा हुँदा यो वडामा के परिवर्तन आउला भन्ने लागेको छ ?**

अघि पनि मैले भने, हामीले शुन्य देखि काम गर्नु पऱ्यो । तर यति भन्न सकिन्छ कि हामी यस अवधीमा आधारभूत रुपमा गर्नु पर्ने ८० प्रतिशत काम सकेर नयाँ नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गर्ने छौं । आधारभूत रुपमा विद्युतीकरणको काम त यसै वर्ष पूरा गर्ने लक्ष्य छ । यस्तै संघीय तथा प्रदेश सरकार मार्फत समेत सडक कालोपत्रे, स्तरीकरण, ट्रसव्रीज, बजार व्यवस्थापन लगायतका काम अघि बढेका छन् । हामी जुन प्रतिवद्धता सहित निर्वाचित भएका थियौं, त्यो प्रतिवद्धता र घोषणा कार्यान्वयनमा प्रतिवद्ध छौं । गाउँपालिकानै एक ढिक्का भएर सरल सेवा प्रवाह, आर्थिक समृद्धी, रोजगार अभिवृद्धी, कृषिको आधुनिकीकरण, शिक्षाको गुणस्तर सुधार लगायतका बिषयमा केन्द्रित भएर लागेका छौं ।

# गोलभेडा खेतीमा लाग्ने रोग र किरा



प्रेमप्रसाद पोखरेल



गोलभेडा खेती किसानको आय आर्जनका लागि भरपर्दो र उपयुक्त तरकारीवाली हो । यसबाट छोटो समयमा पनि राम्रो उत्पादन लिन सकिन्छ । केहि समय देखि यसको व्यवसायीक खेतीमा किसानको रुची र आकर्षण पनि बढि रहेको छ । तर यसको खेतीबाट बढि लाभ लिन गोलभेडा खेतीमा लाग्ने रोग र किरा तथा त्यसको निदानको उपाय पनि थाह पाउन जरुरी छ । यहाँ सम्पूर्ण किसानहरुलाई जानकारी पुऱ्याउन गोलभेडा खेती गर्दा यस बालीमा लाग्ने किरा, रोग र यसको समाधानका उपायका बारेमा चर्चा गरिएको छ ।

**सेतो झिँगा** : यो एक प्रकारको कीरा हो । यस कीराका वयस्क र वच्चाहरु दुवैले पात र फूलको रस चुसेर पात पहेँलो र विरुवालाई कमजोर तुल्याउँदछन् । यिनै कीराको माध्यमवाट गोलभेडामा भाइरस रोग सर्दछ । यिनीहरुको व्यवस्थापन गर्न सके सम्म नीममा आधारित विषादी अथवा रोगर वा साइपरमेथिन २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ ।

**गवारो :** गवारो एक किसिमको खपटे कीराको लार्भा हो जसले फूल, लार्भा, प्यूपा र वयस्क गरी चार अवस्थामा आफ्नो जीवनी पूरा गर्दछ । लार्भा अवस्थामा यसले गोलभेडालाई प्वाल पारी नोक्सानी पुर्याउँदछ । गवारोको व्यवस्थापन फुल अवस्था देखिनै गर्नु पर्दछ । यहि फूल अवस्थामा ध्यान पुर्याउन सकिएन भने फूलवाट निस्केको लार्भा फलको भेट्नोवाट पसेर र आधा शरीर वाहिर र आधा शरीर भित्र राखेर खाईरहेका हुन्छन् । यस्तो अवस्थामा हातले टिपेर फाल्न सकिन्छ ।

**नियन्त्रण का उपाय :** गोलभेडा लगाएको ल्पटमा वीच-वीचमा सयपत्री फूल लगायो भने यी फूलहरुको गन्धले कीराहरु त्यतै आकर्षित भई एकत्रित हुन्छन् फेरोमन पासोको प्रयोगले पनि यस कीराको व्यवस्थापन गर्न सकिन्छ । पासोमा मिथाइल युजिनल र कीटनाशक विषादी राखेपछि मिथाइल युजिनलको वासानाले भाले पुतलीहरु यस पासो पर्दछन् र भाले पोथीको सँसर्ग हुन नपाई, भविष्यमा यिनीहरुको संख्या वृद्धिमा कमी आउँदछ । माथि उल्लेखित उपाएहरुले नभएमा नीममा आधारित विषादी जस्तै वायोलेप ३ ग्राम प्रतिलिटर पानीमा मिसाएर वनाएको भ्mोल प्रयोग गर्ने अथवा इन्डोसल्फान ३५ ई.सि. १.५ मि.लि. प्रति लिटर पानीमा वनाएको भ्mोल पनि छर्न सकिन्छ ।

**लिफ माइनर :** यस कीराले गोलभेडाको पातमा अण्डा पार्दछ र विस्तारै अण्डावाट लार्भामा परिणत भएपछि पात भित्र सेतो गुरुङ्ग वनाउछ र अन्तमा पात खैरो भै सुकेर मर्दछ । यसको व्यवस्थापनमा गाईको गहुत, नीममा आधारीत कीटनाशक विषादी अथवा रोगर २ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नु पर्दछ ।

**बेर्ना कुइनेरोग :** वेर्नाको डाँठ कुहिने, वेर्ना कुहिने रोग नर्सरी अवस्थामा लाग्ने रोग हो । यसले गर्दा वेर्नाको डाँठ कुहिने, ढल्ने र मर्ने गर्दछ । यसको व्यवस्थापन गर्न प्रत्येक वर्ष एउटै व्याड प्रयोग नगर्ने, पानीको निकासको राम्रो प्रवन्ध मिलाउने, सौर्य उर्जावाट प्याड उपचार गर्ने फर्मालिन ५० मि.लि. प्रति १० लिटर पानीमा मिसाई १ वर्गमीटर व्याडको उपचार गर्ने वा वेभिष्टीन वा क्याप्टान १.५-२ ग्राम प्रति लिटर पानीमा मिसाई व्याडको उपचार गर्नु पर्दछ ।



**अगौटे डढुवा र पछ्यौटे डढुवा :** डढुवा रोग आलु वालीको सवैभन्दा घातक रोग हो । अगौटे डढुवा रोगमा वुढा पातको माथिल्लो सतहमा काला, थोप्लाहरु देखापर्दछन् पछि

गएर पात पहेँलिने र सुकेर झर्ने गर्दछ भने पछौटे डढुवा रोगमा शुरुमा पातको किनारा वा टुप्पोमा स-साना खैरो काला दागहरु देखा पर्दछन् र फैलदै जाँदा पुरै पात डाँठ र फलमा समेत लाग्दछ । रोगी दानामा खैरो किसिमको दाग देखिन्छ तथा पछि पुरै दाना कालो रंगको भई कुहेर झर्दछ । रोग ग्रस्त वोट पुरै कहुएको जस्तो देखिन्छ । यस रोगवाट वच्नको लागि गोलभेडा परिवार वाहेकका घुम्ति वाली लगाउने, रोग सहने जातहरु मनप्रेकस, सृजना जस्ता जातहरुको खेती गर्ने, डाईथेन एम-४५, रिडोमिल वा वेभिष्टीन जस्ता विषादीहरु २-३ ग्राम १०-१५ दिनको अन्तरालमा छर्नु पर्दछ ।

**फ्युजारियम ओइलने रोग :** यो रोग फ्युजारियम नामक ढुसीले गर्दछ । यसको कारणले गर्दा पातहरु पहेलिन्छन्, ओइलाउँदछन् र वोटहरु विषादीबाट व्यवस्थापन गर्न गाह्रो पर्दछ । यस्तो अवस्थामा घुम्ती वाली प्रणाली अपनाउने, फर्मालिनले व्याड उपचार गर्ने, २-३ ग्राम ब्लाईटक्स ५० प्रति लिटर पानीमा मिसाएर बोटको फेदमा भिज्ने गरी हाल्दा रोग कम गर्न सकिन्छ ।

**व्याक्टरियल ओइलाउने रोग :** गोलभेडाको पातहरु शुरुमा तलतिर लत्रने, ओइलाउने र छिट्टै विरुवा मर्ने गर्दछ । रोगी वोटको डाँठ काटेर हेर्दा कोटेको ठाउँवाट खैरो पिप जस्तो र्या ल निस्कन्छ । यसको व्यवस्थापन खास गरी गोलभेडा परिवारको खेती गरिएको जग्गामा एक-दुई वर्ष खेती नगर्ने, वेर्ना उखेल्दा, गोडमेल गर्दा चोट पटक लाग्नबाट बचाउने र अन्त्यमा ल्यान्टोमाइसिन स्ट्रेप्टोमाइसिन क्लिन जस्ता विषादीहरु १ ग्राम प्रतिलिटर पानीमा मिसाई स्प्रे गर्नु पर्दछ ।

**जरामा लाग्ने गिर्खा :** यो जरामा लाग्ने नेमाटोडको कारणले लाग्दछ । रोगी वोटहरु होचा हुन्छन् तथा पातहरु साना आकारका र पहेँलिएका हुन्छन् । वोटहरु उखेलेर हेर्दा जराहरुमा गाँठाहरु देखापर्दछन्। यसको व्यवस्थापनको लागि यस परिवारको खेती गरिएको जग्गामा तुरुन्तै खेती नलगाउने, उक्त जग्गामा सूर्यमुखीको खेती लगाउने, वेर्ना सार्ने वेलामा १-२ ग्राम कार्बोफ्यूरान दृछ ग्राम नीमको पिना प्रत्येक खाडलमा हाल्ने ।पिनालाई मलको रुपमा पनि प्रयोग गर्न सकिन्छ ।

**पात गुजुमुजपर्ने समस्या :** यो भाइरसको कारणले उत्पन्न हुने रोग हो । यसको कारणले वोट सानो, छाटो हुने र पात तलतिर दोर्विने गर्दछ र नयाँ आएका पातहरु पहेँलिन्छन् । फल साना-साना हुन्छन् र ज्यादै थोरै फल्दछ । यो रोग सेतो झिँगाले र अन्य चुसेर खाने खालका कीराले फैलाउँछ । यसको व्यवस्थापन रोग ग्रस्त विरुवा उखेलेर फाल्ने, जलाउने, स्क्रिन हाउसमा विरुवा उत्पादन गर्ने र रोग जस्ता दैहिक विषादी १ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्नुपर्दछ । यस्तै गोलभेडामा टाटेपाटे भाइरस जस्ता अन्य रोगहरु पनि देखापर्दछन् । यसको रोकथाम गर्न विषाणुमुक्त माटोमा खेती लगाउने, रोग सहने खालका जातको मात्र खेती गर्ने, गाई भैंसीको दूध १० मि.लि. प्रति लिटर पानीमा मिसाई व्याड र वालीमा १५ दिनको अन्तरमा छर्दा रोग वृद्धि हुन पाउँदैन ।

*(पोखरेल, कमल गाउँपालिका कृषि शाखामा कार्यरत हुनुहुन्छ)*

# बालविवाह रोक्न जिम्मेवार चाँहि को ?



रेनुका गौतम

कानुनले तोके बमोजिम उमेर नपुगी गरिने विवाहलाई बालविवाह भनिन्छ , नेपालमा पनि कानुनले बीस बर्ष पुरा भएपछि मात्र विवाह गर्न भनेको छ । वालविवाह गरे वा गराएमा त्यसको सजाय पनि कानुनमा उल्लेख छ ।

तसर्थ बालविवाह रोक्न सरकारले विवाह दर्तामा बीस वर्ष पुरा नभएकोलाई दर्ता नै नहुने प्रणालीको व्यवस्था गरेको छ । यो एउटा गतिलो कदम हो । तथापि बढी मात्रामा छोरीको उमेर नपुगी विवाह हुने ठूलो समस्याको रुपमा रहेको छ ।

हाम्रो समाजमा छोरीको कम महत्व दिने चलन त यथावतै छ । अझ छोरी भनेको विवाह गरेर अर्काको घर जाने जात भन्ने मानसिकताले मान्छेको मनमा घर गरेको छ । छोरालाई धन मान्ने र छोरीलाई पराईको नासो मान्ने सोचले जति नै पढेलेखेकाको मनमा पनि जरा गाडेको छ । किन वीस बर्ष पुरा हुनुपर्ने भन्ने कुराको खोज कसैलाई पनि चाहिएको छैन ,छोरी जन्माउने बाबुआमालाई त छैन अरु कसलाई हुने र ?

एउटी छोरीले आफु शारिरीक र मानसिक रुपमा तयार हुनु पर्ने कुरा यहाँ गौंड छ । विषेश गरी १२,१३ बर्ष देखी १९ बर्ष सम्म त किशोरावस्थाको उमेर हो । यो मानव जीवनको संक्रमणकालिन अवस्था हो, यस उमेरमा कुनै पनि व्यक्ति राम्ररी परिपक्व भैसकेको हुदैन, त्यस्तो उमेरमा निर्णय गर्ने क्षमताको विकास भैसकेको हुदैन । त्यस्तो अवस्थामा उसलाई आवस्यक पर्ने जीवनोपयोगी सीपका कुराहरु सिकाउनु पर्ने हुन्छ । यस्तो उमेरमा छोरा छोरीलाई अभिभावकबाट साथी जस्तै व्यवहार गरी आवस्यक सल्लाह दिनु पर्ने हुन्छ । यो उमेरमा कसैलाई मन पराउनु, आकर्षित हुनु भनेको उमेरको कारण हो । विपरित लिंग प्रति आकर्षित हुनु लाई विवाह गरिहाल्ने वा एउटा निर्णय गरिहाल्ने अवस्था होइन । यस कुरालाई व्यवस्थापन गर्न आफुमा आत्मजागरण तथा सिर्जनात्मक सोचाईको आवस्यकता पर्दछ भने अभिभावकले राम्रो सल्लाह दिनु पर्दछ न की विवाह गरिदिने निर्णय ।

विषेश गरी प्रजनन् अंगहरुको विकास भईनसकेको अवस्थामा स्वास्थ्यमा पर्ने असरहरु त छदैछन् यसले गर्दा शारिरीक तथा मानसिक असर पनि पर्न जान्छ । शिक्षादिक्षा तथा व्यक्तित्व विकासमा पर्ने असरका साथै गर्भ रहिहाल्यो भने त झन् महिलाको स्वास्थ्यमा भयानक असर पर्दछ ।

यति हुँदा हुँदै पनि विहे गर्न र गराउनकै लागि उमेर बढाएर जन्मदर्ता गराउने, नागरिकता परिवर्तन गर्ने जस्ता कामहरु हुने गर्दछन् । यस कार्यका लागि एउटा व्यक्ति मात्र लागेर हुदैन । विद्यालय शिक्षामा यी विषयहरु समावेश गराउदै शिक्षक, समुदाय तथा जिम्मेवार निकायहरु स्वच्छ मनले लागे समस्या त्यति ठूलो जस्तो लाग्दैन । तर यहाँ एकले अर्कोलाई देखाएर यथास्थितिलाई नै पक्षपोषण गर्ने वा बालविवाहलाई प्रश्रय दिने खालका काम गर्ने हो भने बालववाह रोक्न जिम्मेवार चाहि को ?

***(लेखक,कमल गाउँपालिका महिला तथा वालवालिका शाखा प्रमुखमा कार्यरत हुनुहुन्छ)***

---

# गेउरीया बजार व्यवस्थित पारिदै



कमल-६ र ७ नम्बर वडामा पर्ने गेउरीया बजार व्यवस्थापनको काम शुरु भएको छ । दुवै वडाको सिमानामा रहेको बजार क्षेत्रको सडक किनारा फराकिलो बनाउने काम थालिएको हो । यसका लागि दुवै वडा कार्यालयले बजेट बिनियोजन गरेका छन् । वडा नं. ७ ले २ लाख ५० हजार र वडा नं. ६ ले १ लाख रुपैयाँ बिनियोजन गरेका हुन् । गाउँको मुख्य मध्येको बजार भएको र सडक किनारा साँगुरो भएका कारण दुर्घटनाको जोखिम बढेकाले प्रारम्भिक व्यवस्थापनको काम थालिएको वडा नं.७ का वडाध्यक्ष पृथ्वीपति राईले जानकारी दिनुभयो । यस्तै बजार क्षेत्रलाई क्रमिक रुपमा व्यवस्थापन गर्ने कार्य अनुसार यस वर्ष सडकको पूर्वी भाग व्यवस्थापनको काम गरिएको वडा नं. ६ का वडाध्यक्ष नरेन्द्र भट्टराईले बताउनु भएको छ । गेउरीया साविक लखनपुरको मुख्य बजार क्षेत्र मध्येको एक हो ।

# किसानलाई सामग्री वितरण



कमल गाउँपालिका द्वारा अगुवा कृषकलाई कृषि सामाग्री तथा मेसिनरी औजार वितरण गरिएको छ । कृषि विकाश शाखाको आयोजनामा अगुवा कृषकलाई कृषि सामाग्री तथा मेसिनरी औजार वितरण गरिएको हो ।

गाउँपालिकाको ५० प्रतिशत अनुदान तथा समुह, समिती र कृषकको ५० प्रतिशत साझेदारीमा वितरण गरिएका सामाग्री प्रदान गरिएको हो । प्रदान गरिएका मेशिन तथा औजारहरुमा मकै छोडाउने मेसिन १० थान, सिचाई मोटर १९ थान, मकै रोप्ने मसिन ८ थान मल्चिङ्ग प्लाष्टिक ३१ जना लाई वितरण गरिएको कमल गाउँपालिका कृषि विकाश शाखाका प्रमुख महेन्द्र बोहोराले जानकारी दिनुभयो । सामग्री वितरण पछि गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले गाउँपालिकामा व्यापसायिक रुपमा खेतिगर्ने कुनैपनि कृषकलाई सिचाई तथा मेसिनरी

सामानका अवाभमा खेतिगर्न बाट बन्चिन हुनु नपरोस भनेर कृषकलाई विभिन्न सामाग्री वितरण गरिएको बताउनुभयो ।

गाउँपालिका लाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ जनप्रतिनिधि निर्वाचित भएर आएपछि कृषक समस्या पहिचान गरी गतवर्ष देखी नै अनुदानमा विभिन्न साम्रागी बतिरण गर्नेकार्य सुरुगरेको अध्यक्ष काफ्लेको भनाई छ । कृषिमा आधुनिकीकरण, व्यसायिकीकरण र यान्त्रिकरणका लागी गाउँपालिका सधैं तयार रहेको र त्यसै अनुसार यस आर्थिक बर्षको कार्यक्रम अनुसार कृषकलाई सामग्री प्रदान गरिएको गाउँपालिका उपाध्यक्ष बेनु सिवाकोटीले बताउनु भएको छ ।

कार्यक्रममा परम्परागत तरिकाले गरिने खेतीबाट समय धेरै लाग्ने र उत्पादनमा समेत कमी हुने भएकोले मेसिनबाट छिटो हुनुका साथै उत्पादनमा समेत वृद्धि हुने कमल गाउँपालिका वडा नम्बर ६ स्थित सुर्योदय कृषक समुहका सदस्य कृषक तुलसी बाँस्कोटाले जनाउनुभयो ।

हिउँदे खेतीका लागी सचाईको समस्य भोग्दै आएका कमल गाउँपालिका वडा नम्बर ५ र ६ स्थित हातेमालो कृषक समुहका सदस्यलाई गाउँपालिका द्वारा ५० प्रतिशत अनुदानमा मोटर पाएपछि सिचाईमा सहज हुनुका साथै उत्पादनमा समेत वृद्धिहुने समुहकी सदस्य विमला पौडेल ( काफ्ले) को भनाई छ ।



# न्यानो कपडा वितरण

झापाको कमल गाउँपालिकाले विद्यार्थीहरुलाई जाडोमा लगाउने न्यानो कपडा वितरण गरेको छ । गाउँपालिका भित्र रहेका २१ वटा सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई स्विटर वितरण गरेको हो । चिसोका कारण विद्यार्थीहरुलाई विद्यालय आउन सहज वनाउने उद्देश्यले सो न्यानो कपडा वितरण गरिएको अध्यक्ष मेनका काफ्लेले जानकारी दिनुभयो ।

गाउँपालिकाको सभा हलमा एक कार्यक्रमको आयोजना गरि नर्सरी देखी कक्षा ३ सम्म अध्यनरत १ हजार ७ सय ८६ जना विद्यार्थीहरुलाई जाडोका लागि स्विटर वितरण गरेको हो । त्यसअवसरमा कमल गाउँपालिकाका अध्यक्ष काफ्ले तथा उपाध्यक्ष बेनुप्रसाद शिवाकोटीले सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई विद्यार्थीहरुलाई स्विटर वितरण गर्नु भएको थियो ।



# जनप्रतिनिधीको प्राथमिकतामा शिक्षा

| शिक्षकको नाम थर,ठेगाना | विद्यालयको नाम ठेगाना |
|---|---|
| खेम कुमारी सापकोटा कमल ६ | श्री ज्योती मा.वि. कमल २ |
| कमला गौतम कमल ३ | श्री ज्योती आ.वि. कमल ४ |
| प्रतिमा पन्त कमल ५ | श्री मंगलमय उ.मा.वि. कमल ५ |
| मुनादेवी बाँस्तोला कमल ५ | श्री मंगलमय उ.मा.वि. कमल ५ |
| प्रमिला बुढाथोकी कमल १ | श्री बाँसवारी मा.वि. कमल १ |
| अस्मिना खातुन दुहवी ५ | श्री कञ्चनजंघा नि.मा.वि. कमल ३ |
| हरी कुमारी राई लेटाङ ८ | श्री शहिद रत्न आ.वि. कमल ५ |
| अञ्जु पौडेल मिक्लाजुङ ३ | श्री शहिद रत्न आ.वि. कमल ५ |
| रिना न्यौपाने दमक ४ | श्री सरस्वती मा.वि.कमल ४ |
| नन्दमाया सुव्वा पथरी शनिश्चरे ४ | श्री ज्योती मा.वि. कमल २ |
| रमादेवी पोखेल साँगुरीगढी ४ | श्री शहिद रत्न आ.वि. कमल ५ |
| ओमा आङदेम्वे चुलाचुली १ | श्री महेन्द्र रत्न मा.वि. कमल २ |
| पुजा श्रेष्ठ धरान १३ | श्री ज्योती मा.वि. कमल २ |
| सीता भट्टराई रतुवामाई ७ | श्री ज्योती मा.वि. कमल २ |
| सपिना लिम्वु बराहक्षेत्र ९ | श्री बाँसवारी मा.वि. कमल १ |

जनप्रतिनिधीहरुको नेतृत्व शुरु भए पछि पछि कमल गाउँपालिकामा रहेका सामुदायिक विद्यालयको शिक्षामा सुधार आएको छ । जनप्रतिनिधीको प्रत्यक्ष निगरानिमा रहेपछि सामुदायीक विद्यालयको शिक्षाका पनि परिवर्तन आएको हो । विद्यालयको भौतिक पूर्वाधारमा सहयोग, शैक्षिक सामाग्रीहरुको उपलव्धता, शिक्षक तथा विद्यार्थीहरुलाई सहयोग, समुदायको चासो अभिवृद्धी लगायतका कारण सामुदायीक विद्यालयको गुणस्तमा सुधारा आएको पाईएको हो । जनशक्ति अभावको समस्या समेत क्रमिक रुपमा समाधान हुँदै गएकाले सामुदायीक विद्यालयको गुणस्तरमा थप सुधार आउने अपेक्षा गरिएको छ । यस्तै सामुदायीक विद्यालयहरुमा अंग्रेजी माध्यमको समेत पठन पाठन हुने र यसमा गाउँपालिकाले समेत सहयोग गर्दै आएको शिक्षाको स्तरमा सुधार आएको गाउँपालिका अध्यक्ष मेनुका काफ्ले बताउनुहुन्छ । यो सगै पछिल्लो समय शिक्षासेवा आयोग पासगरी निम्नमाध्यमिकतहमा १५ जना थप शिक्षकहरुले जिम्मेवारी समेत शुरु गर्नु भएको छ ।



# दिर्घकालिन योजना सहित अघि बढ्न जरूरी छः प्रअ बगाले



स्थानीय सरकार सञ्चालनमा आए पछि मावि तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाईनै आएको छ । यहि जिम्मेवारी पूरा गर्दै कमल गाउँपालिकाले बिभिन्न कार्यक्रम अघि बढाएको छ । गाउँपालिका मार्फत बिभिन्न विद्यालयहरुले सहयोग समेत पाई रहेको छन्, जसका कारण विद्यालयको वातावरण र गुस्तर सुधारमा समेत सहयोग पुगेको छ । जनप्रतिनिधीहरु मार्फत स्थानीय सरकार सञ्चालन शुरु भए पछि गाउँपालिका भित्रका विद्यालयहरुले कस्तो सहयोग पाई रहेका छन् त ? प्रस्तुत् छ, गाउँपालिका भित्रका विद्यालयहरुको प्रतिनिधीमूलक रुपमा वडा नं. ५ स्थित मंगलमय गाउँपालिकाका अध्यक्ष मोहन बगालेसँगको कुराकानी :

**समग्र शिक्षा क्षेत्रमा गाउँपालिकाका कार्यक्रम र योजना कस्तो पाउनु भएको छ ?**

जव स्थानीय तहहरु जनप्रतिनिधीहरुको नेतृत्वमा आए, त्यससँगै अन्य स्थानीय सरकार जस्तै कमल गाउँपालिकाले पनि माध्यमिक तह सम्मको शिक्षाको अधिकार र जिम्मेवारी पाएको छ । यस भुमिका निर्वाहका लागि शुरुदेखिनै गाउँपालिकाको पहल कदमी हामीले महसस गरेका छौं । गाउँपालिकाको नीति कार्यक्रम तथा बजेटमा शिक्षा क्षेत्रले निक्कै महत्व पनि पाएको छ । अझै केहि कुराहरुमा सुधार गरेर जान सकियो भने नीति कार्यक्रम र बजेटको थप प्रभावकारीता हाँसिल गर्न सकिन्छ भन्ने लागेको छ ।

**प्राप्त श्रोत साधनको उच्चतम सदुपयोग र बढि प्रतिफल लिन के गर्न आवश्यक छ ?**

जस्तो कि, गाउँपालिकामा शिक्षा हेर्न अधिकारीको अभावमा गाउँपालिकाका कार्यक्रमहरु समयमानै विद्यालय सम्म पुग्न नसकि रहेको अवस्था पनि छ । यस्तै गाउँपालिका र विद्यालय विच समन्वयको अभाव पनि देखिने गरेको छ । बिनियोजीत रकम पनि अन्तिम समयमा आएर हतार हतार खर्च गर्नु पर्ने अवस्था पनि आउँछ । त्यसैले गाउँपालिकाले शिक्षा शाखालाई जनशक्ति, नेतृत्व तथा श्रोतसधान युक्त बनायो भने शिक्षा क्षेत्रको लक्ष्य हाँसिल गर्न अझै सहयोग पुग्ने देखिन्छ ।

**जनप्रतिनिधीहरुले स्थानीय सरकार सञ्चालन शुरु गरे पछि यस विद्यालयले कस्तो सहयोग पाउँदै आएको छ ?**

जनप्रतिनिधीहरुको नेतृत्व स्थापित भए पछि निश्चय पनि हाम्रो विद्यालयले बिभिन्न सहयोगहरु पाउँदै आएको छ । यस विद्यालयमा कम्प्युटर ल्याव सञ्चालनका लागि ४० थान कम्प्युटर पाएका छौं । यसै गरि गाउँपालिकाकै सहयोग र समन्वयमा प्रवदेश सरकार मार्फत ५० लाख रुपैयाँ बराबरको ट्रस निर्माण भएको छ । यस्तै पुस्तकालय, स्मार्ट कक्षाका लागि गाउँपालिकाबाट सहयोग पाएका छौं । गाउँपालिकाकै सहयोगमा साईकल स्टेण्ड पनि निर्माण भएको छ । यसै गरि जिल्ला समन्वय समिति मार्फत विशेष कक्षा अन्तर्गत छात्राहरुका लागि २ कोठे भवनबनाउन पनि गाउँपालिकाको सहयोग पायौं । यस्तै अहिले सवै कक्षा कोठामा ईकोसिस्टम सहित सीसी क्यामरा प्रविधिको जडान लगायतका धेरै कार्यहरुमा हामीले गाउँपालिकाको साथ र सहयोग पाएका छौं ।

**सामुदायीक विद्यालयले भोग्नु परेका मुख्य समस्या के के हुन् ?**

सामुदायीक विद्यालयहरुले भोग्नु परेका समस्या त, प्राय देशै भरिका उस्तै छन् । तर हामीले स्थानीय स्तरबाट समाधान गर्न सक्ने बिषय भनेको सामुदायीक विद्यालय प्रति अभिभावको जिम्मेवारी र चासो वृद्धी गर्न आवश्यक छ । आफ्नो सन्तानले पठन पाठन गरि रहेको विद्यालयमा नियमित रुपमा अभिभावक पुग्ने, समस्याबारे जानकार हुने,आफ्नाकुराहरु पनि राख्ने हो भने अभिभावक र समुदायको चासो क्रमिक रुपमा बढ्ने निश्चित छ । अभिभावक तथा समुदायको चासो सामुदायीक विद्यालयको ठुलो उर्जा हो । यस्तै केहि शिक्षक साथीहरुमा समस्या छ भने त्यो पनि समाधान गरेर लैजानु पर्छ । विभिन्न तहका सरकार मार्फत विनियोजन हुने रकमलाई समयमानै निकाशा गरि बेलै गरि कार्यान्वयन लगियो भने हतारहतार काम सक्नु पर्ने बाध्यताको पनि अन्त्य हुन्छ । त्यसैले हामीले स्थानीय स्तर देखिनै यि कुराहरुको समाधानमा लाग्नु पर्ने आवश्यकता छ ।

**दिर्घकालिन रुपमा शिक्षाक्षेत्रलाई दर्विलो बनाउन, सामुदायीक विद्यालयलाई थप आकर्षित बनाउन के गर्नु पर्ला ?**

यसका लागि दिर्घकालिन योजनाकै खाँचो पर्छ । हाम्रो गाउँपालिकामा पनि ५ वर्षे योजना बनाउने कार्य शुरु भएको थियो । तर शिक्षा हेर्ने अधिकारी नहुँदा यो कामले गति लिन सकेको छैन । हामीले कुन विद्यालयलाई के को आवश्यकता छ, अब कसरी समस्या समाधानमा लागि पर्ने, श्रोत साधनलाई कहाँ कसरी खर्च गर्ने, गुणस्तर सुधारका सुचकहरुलाई कसरी उकास्ने र अभिभावक तथा समुदायको सहभागीता कसरी वृद्धी गर्ने भनेर योजनावद्ध काम गर्न सक्यौं भने केहि वर्षमानै निजी क्षेत्रको भन्दा सामुदायीक विद्यालयको स्तर माथि पुग्ने निश्चित छ । यसका लागि दिर्घकालिन योजना सहित अघि बढ्न जरुरी छ ।

# स्थानीय सरकारको साथ सहयोग राम्रो छ : अध्यक्ष लिम्बू



**तोपगाछी खानेपानी स्किम नम्वर १ को अध्यक्षको जिम्मेवारी हाल सुर्य लिम्बूले सम्मालि रहनु भएको छ। २०६९ सालमा पहिलो पटक चुनावि प्रक्रियाबाट निर्वाचित हुनु भएका लिम्बू दोश्रो कार्यकालमा भने सर्वसम्मत चयन हुनु भएको हो । प्रस्तुत छ लिम्बूसँग खानेपनीमा देखिएका समस्या, चुनौती र अवसर लगायतका विषयमा गरिएको कुराकानी :**

**तपाईको कार्यक्षेत्रमा खानेपानीको अवस्था कस्ता छ ?**

समग्रमा कुरागर्ने हो भने पछिल्लो समयमा तोपगाछी खानेपानि स्किम नम्वर १ को अवस्था राम्रो छ । म पहिलो पटक निर्वाचित भएर आउँदा सस्थाको अवस्था अत्यन्तै नाजुक थियो । २०७२ सालको भुकम्पले झनठुलो समस्याल्यायो दुईवटै बोरिङ्गमा क्षतीभयो त्यसलाई बल्ल बल्ल समाधान गरियो । उपभोक्तले आर्थिक रुपमा ठुलो सहयोग गर्नुभयो जसको फलस्वरुप पछिल्लो समय राम्रो छ ।

**अवस्था त राम्रो छ भन्नु भयो पानीको गुणस्तर कस्तो छ ?**

हामी पानी सफा देख्ने वित्तिकै राम्रो छ भन्छौ तर त्यसो होईन गुरस्तर भन्ना साथ पिउन योग्य पानिलाई बुझ्नु पर्छ । पानिमा आईरनको मात्रा न्युनतम् शुन्य दशमलव ३ र अधिकतम् शुन्य दशमलव ९ हुनुपर्नेमा हाम्रो टेंकि बाट वितरण गरेको पानिमा शुन्य दशमलव ६ रहेकोले पनिको गुणस्तर राम्रो राम्रो छ तर पनि अझै सुधारगर्नु पर्ने धेरै बाकि छ ।

**स्थानिय सरकार बाट खानेपानि सस्था लाई कस्तो सहयो पाउनुभएको छ ?**

स्थानीय सरकारको साथ सहयोग राम्रो छ । पानीको गुणस्तर र पाईपलाई विस्तार गर्ने गतवर्षपनि गाउपालिका बाट सहयोग पाएमा थियौ यस वर्ष पनि ५० लाख विनियोजन गरेको छ भन्ने सुनेको छु । तर गाउँपालिका बाट आधिकारिक रुपमा रकम विनियोजन भएको पत्र पाएको छैन ।

**गाउँपालिका बाट प्राप्त रकमले के गर्ने योजना बनाउनुभएको छ ?**

गाउँपालिका बाट प्राप्त रकमले पाईप लाईन विस्तर गर्ने योजनामा छौ। पहिलो सडकको एक तर्फ बाट मात्र पाईप विस्तर गरेका थियो अव त्यस्तो अवस्था रहेन  अब सडकको दुबै तर्फ बाट पाईप लाई विस्तर गर्नुपर्ने छ । सुरुवाति अवस्थामा विस्तार गरिएका पाईप सडक विस्तर ले असर पुगेको छ त्यसलाई पनि मर्मत गर्नु पर्ने छ । हामिले १८हजार वर्गमिटर पाईप विस्तरगर्नुपर्नेमा सडकको दुबै तर्फ मिलाउदा ३६हजार वर्गमिटर हुन्छ ।

**पानी भण्डारण (ओभरहेड टेंकी )को क्षमता बढाउन के कस्तो पहल भै रहेको छ ?**

हामिसँग अहिले पानि भण्डारण(ओभरहेड टेंकी)का लागी १ लाख लिटरको क्षमताको छ । हामिले १ हजार ५ सय धारा वितरण गर्न सक्छौ तर पाईप लाई विस्तर नभएका कारण ८ सय २० वटा मात्र धारा वितरण गर्न सकेका छौ ।  सबै ठाउँमा पाईप लाई विस्तार भएपछि थप टेंकिको आवश्यक पर्छ जसका लाई पहल गरिरहेका छौ ।

**यस योजनाको थप क्षमता विकास, स्तरीकरण लगायतका काममा कसरी अघि बढि रहनु भएको छ ?**

पानी जिवन हो स्वस्छ पानि पिउनाले ८० प्रतिशत रोग लाग्दैन तर यसलाई व्यवस्थापन गर्ने धेरै ठुलो चुनौती छ । एउटा ओभरहेड टेंकीको आयु सकिना साथ अर्को तयार पार्नु पर्ने हुदो रहेछ  सयमा पनि ठुलोरकम आवश्यक पर्दो रहेछ । यो पनि एउटा व्यवसाय नै रहेछ नियमित र गुणस्तर पानि वितरणगर्न सक्ने हो भने सस्थाको आम्दानी पनि धेरै हुदो रहेछ । हिजो विजुलीको विल तिर्न सस्थामा पैसा थिएन आज २५ लाख भन्दा वढी बैंक मौज्दात छ । सस्थालाई याहा सम्म ल्याईपुर्याउन सहयोग गर्ने सम्पुर्ण उपभोक्त, मेरा कार्यसमितीका साथीहरु, कर्मचारी  तथा विभिन्न संघ सस्था लाई  धन्यवाद दिन चाहन्छु ।



तोपगाछी खानेपानी स्किम नं. १ को ट्याङ्की



अध्यक्ष लिम्बूसँग व्यवस्थापक चन्द्र पोखेल

# कमल गाउँपालिकाबासीहरुमा जानकारी

यस कमल गाउँपालिका भित्र कसैले सार्वजनिक सडकमा अवरोध पुग्ने गरी कुनै माल वस्तु छोडेको, राखेको वा फ्याँकेको कारणबाट त्यस्ता सडकमा कुनै किसिमको बाधा पुऱ्याउनु हुँदैन । यदि त्यस्तो कारणबाट सार्वजनिकस्थलमा बाधा पुगेको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त कमल गाउँपालिका सूचित गर्दछ। यदी नहटाएमा गाउँपालिकाले आफैं त्यस्ता वस्तुलाई सडकको छेउ लगाउन, हटाउन वा गाउँपालिकाले नियमानुसार नियन्त्रणमा लिई क्षतिपूर्ति समेत लिन सक्नेछ।

# कमल गापामा विकास तथा भवन निर्माण सम्बन्धि सूचना

गाउँपालिका क्षेत्र भित्र व्यवस्थित, संरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल, ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्ने गराउने कार्य नगर्नु हुन कमल गाउँपालिका सम्बन्धित गाउँवासीहरुमा सूचित गर्दछ।

# कमल गाउँपालिका

कमल, झापा

Pathivara Offset Press, DMK, 023-581533